जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २६ | •अंक १६६ | • २०८१ साल कार्तिक २७ गते मंगलबार (12 November, Tuesday, 2024) | •पृष्ठ ८ | •मूल्य रु. ५१-

## विवादमा तिलक

# विश्व हिन्दू परिषद्ले नेतृत्व गर्ने, मन्दिर र सरकार पछि हटे



**टुडे समाचारदाता**

जनकपुरधाम । भगवान सीताराम विवाह महोत्सवका लागि जनकपुरधामबाट अयोध्या लगिने तिलक विवादमा परेको छ ।

तिलक कार्यक्रमको अगुवाइ गर्ने विषयमा उत्पन्न आन्तरिक विवादको कारण जानकी मन्दिरबाट तिलक नलगिने बताइएको छ । जानकी मन्दिरका उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले जानकी मन्दिर परम्परागत रुपमा नै विवाह महोत्सवको कार्यक्रम गर्ने बताएका छन् । 'जानकी मन्दिरले परम्परागत रुपमा गरिने कार्यक्रमहरुलाई निरन्तरता दिनेछ' उनले भने, थप कार्यक्रमहरु प्रदेश सरकार लगायतका निकायहरुले गर्ने छ ।

'जानकी मन्दिरबाट तिलकोत्सव कार्यक्रम राम मन्दिरमा नै हुनेछ' उनले भने, सप्ताहव्यापी कार्यक्रममा एकदिन तिलकोत्सवको कार्यक्रम रहेको छ ।

विश्व हिन्दू परिषद् अयोध्या र विश्व हिन्दू परिषद् नेपाल धनुषाको संयुक्त प्रयासमा जनकपुरधामबाट तिलक अयोध्या जाने भएको छ । मधेश प्रदेशका मुख्यमन्त्री सतीशकुमार सिंहको नेतृत्वमा तिलक अयोध्या जाने तयारी गरिएको थियो । तर अयोध्यामा मर्यादाक्रम मिलाउन सहज नहुने भएकाले मुख्यमन्त्री सिंहको कार्यक्रम अनिश्चित भएको छ ।

जानकी मन्दिरले पनि तिलकको अगुवाइ नगर्ने बताइएको छ । उत्तराधिकारी महन्त रामरोशन दास वैष्णवले गर्ने भनिएको थियो ।

अब विश्व हिन्दू परिषद्का धनुषा जिल्ला अध्यक्ष सन्तोष साहको अगुवाइमा अयोध्या तिलक पठाउन लागिएको छ । विश्व हिन्दू परिषद् नेपालका राष्ट्रिय उपाध्यक्ष रघुनाथ प्रसाद साहले जनाए अनुसार तिलक लिएर जाने परिषद्का कार्यकर्ताहरुले नै जानकी मन्दिरका महन्त रामतपेश्वर दास वैष्णवको पत्र पनि लग्ने छन् ।

'परम्परागत रुपमा ठाकुर (हजाम) मार्फत पठाइने जन्ती आमन्त्रण पत्र पनि तिलकसँगै जानेछ' साहले भने, जनकपुरधाम र अयोध्याबीचको सम्बन्धलाई तिलकले थप सुदृढ गर्नेछ । जनकपुरधाममा हुने तिलकोत्सव कार्यक्रममा कुनै परिवर्तन नहुने बताउँदै साहले भने, जनकपुरधाम र अयोध्याबीचको वैवाहिक सम्बन्धलाई थप सुदृढ बनाउने प्रयास हो ।

विश्व हिन्दू परिषद् अयोध्याका महासचिव राजेन्द्र सिंह पंकजको पहलमा जनकपुरधाम र अयोध्याबीच तिलकको एउटा कार्यक्रम थप गर्न लागिएको साहले बताए । पंकजको आग्रहमा जानकी मन्दिरबाट नै तिलक लगिने र नेतृत्व मुख्यमन्त्री सिंहले गर्ने तयारी थियो । साहले जनाए अनुसार परराष्ट्र मन्त्रालयबाट मुख्यमन्त्री सिंह अयोध्या जाने अनुमति पाइसकेका छैनन् ।

हरेक पाँच वर्षमा अयोध्याबाट भव्य रुपमा जन्ती आउने जस्तै तिलकको कार्यक्रम पनि थप अध्याय हुने र यसले जनकपुरधामको प्रचारमा मद्दत पुग्ने साहको कथन छ ।

तर गौ संरक्षण मञ्च जनकपुरधामका अध्यक्ष जगदीश महासेठले जनकपुरधामबाट अयोध्या तिलक लग्नु गलत परम्पराको सुरुवात हुने बताएका छन् ।

'विवाहका लागि बेहुला भगवान राम अयोध्याबाट जनकपुरधाम आएका थिएनन्' उनले भने, भगवान राम र लक्ष्मण वनबाट जनकपुरधाममा नै आएर धनुष भंग गरेका थिए । धनुष भंगपछि राजा जनकले जन्ती लिएर आउन राजा दशरथलाई ठाकुरमार्फत निम्तो पठाएको उनले बताए । 'अयोध्याबाट जन्ती ल्याउन हजाम मार्फत राजा जनकले अयोध्या नरेश दशरथलाई निम्तो पठाएका थिए' महासेठले भने, प्राचीन चलनलाई विथोल्दै तिलक अयोध्या पठाउने काम हुन लागेको छ ।

बेहुला जनकपुरधाममै रहेकाले जानकी मन्दिरबाट राम मन्दिरमा तिलक लगेर तिलकोत्सव कार्यक्रमको आयोजना गरिँदै आएको उनले बताए । तिलक नलग्न जानकी मन्दिर, विश्व हिन्दू परिषद् र मुख्यमन्त्री सिंहलाई समेत आग्रह गरिएको उनले बताए ।

तिलकको विषयमा जनकपुरधाममा विवाद भए लगतै विश्व हिन्दू परिषद् अयोध्याका महासचिव राजेन्द्र सिंह पंकजले सीतामढी पुनौराधामबाट नै तिलक मगाइने धम्की दिएका छन् । 'जनकपुरधाम तिलकमा पछाडि हटे जन्ती पनि पुनौराधामसम्म मात्र सीमित हुनेछ' सिंहको भनाइ उद्घृत गर्दै एकजना समर्थकले भने, सीतामढी सीताको प्राकट्यस्थल रहेकोले वैवाहिक कार्यक्रम पनि त्यहाँ नै भएको हुनुपर्छ ।

भारत सरकारले सीतामढीस्थित पुनौराधामको विकासमा ५ सय करोड रुपैयाँ बजेटको घोषणा गरिसकेको छ । रेल, विमान सेवा पनि विस्तारको कार्यक्रम रहेको बताइन्छ ।

अयोध्यामा भगवान राम मन्दिरको प्राण प्रतिष्ठा भएदेखि जनकपुरधाम आउने हिन्दू पर्यटकको संख्यामा भारी वृद्धि भएको छ । अयोध्यामा भगवान रामललाको दर्शन गर्न आउने पर्यटकहरु जनकपुरधाम पनि आउने गरेका छन् ।

मंसिर २१ गते सीताराम विवाह महोत्सव जनकपुरधाममा मनाइने तयारी भइरहेको छ । जानकी मन्दिरले जन्तीको आवास, भोजनलगायतको व्यवस्थापन गर्ने भएको छ । अयोध्याबाट ५ सय बढीको संख्यामा जन्ती आउन लागेको छ । त्यसमा तिरुपति तिरुमलाबाट ५१ जना मठाधीशको पनि सहभागिता रहने छ । उनीहरुले जानकी मन्दिरमा २२ गते ५१ स्थानको पवित्र जलले जलाभिषेक गर्ने कार्यक्रम रहेको छ ।

सीताराम विवाह महोत्सवको सप्ताहव्यापी कार्यक्रम अन्तर्गत आयोजना हुने मटकोर कार्यक्रमको क्रममा गंगासागरमा भारी भीड हुने गरेकाले संक्षिप्त कार्यक्रम त्यहाँ र विशेष कार्यक्रम मन्दिर पसिरमा नै गरिने बताइएको छ ।




# नेका र एमालेको उम्मेदवार घोषणामा सकस

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा हुन लागेको उपचुनावका लागि नेपाली कांग्रेस र नेकपा एमालेलाई उम्मेदवार घोषणा गर्न सकस भएको छ ।

मंसिर १६ गते ७ वटा वडामा अध्यक्षका लागि उपचुनाव हुन लागेको छ । उपचुनावमा उम्मेदवारलाई जिताउन नेपाली कांग्रेस मधेश प्रदेश समितिले निर्णय गरेको छ । समितिको सोमबार बसेको बैठकले प्रदेशको ७ वटै वडामा कांग्रेसको उम्मेदवारलाई निर्वाचित गराउन सबैलाई जुट्न आग्रह गरेको छ ।

प्रदेश अध्यक्ष कृष्णा यादवको अध्यक्षतामा बसेको बैठकमा सहमहामन्त्री महेन्द्र यादव लगायतको सहभागिता रहेको थियो ।

तर वडाअध्यक्षका लागि उम्मेदवारको टुंगो लागिसकेको छैन । कांग्रेसले उपचुनाव हुने सबै वडामा एक्लै चुनाव लड्ने घोषणा गरेको छ ।

सत्तासीन अर्का दल नेकपा एमालेको पनि सोमबार जनसंगठन संयन्त्रको सोमबार बसेको बैठकले चुनावमा लाग्न निर्देशन दिएको छ । प्रदेश अध्यक्ष चन्देश्वर मण्डलको अध्यक्षतामा बसेको बैठकमा प्रदेश इञ्चार्ज लीलानाथ श्रेष्ठ र जनसंगठन विभागका प्रमुख भानुभक्त ढकालको उपस्थिति रहेको थियो ।

तर एमालेले पनि उम्मेदवारको टुंगो लगाइसकेको छैन । १/२ दिन भित्रै उम्मेदवारको टुंगो लगाइने केन्द्रीय सदस्य सञ्जीव झा 'सुरज'ले जनाएका छन् । 'उम्मेदवारको विषयमा पार्टी भित्र छलफल चलिरहेको छ 'उनले भने, जनभावना अनुरुपको उम्मेदवारको चाँडै घोषणा हुनेछ ।

तर जनता समाजवादी पार्टी( जसपा)नेपाल, माओवादी केन्द्र लगायतका दलहरुले उम्मेदवारको घोषणा गर्न थालेका छन् । संघीय र मधेश प्रदेशमा गठबन्धनमा रहेका दलहरुले पनि एक्ला/एक्लै उम्मेदवारी दिने तयारी गरेका छन् ।



# वनभोजमार्फत कांग्रेसद्वारा एकताको सन्देश



**टुडे समाचारदाता**

लहान । नेपाली कांग्रेसमा गुटगत परम्परालाई थाती राख्दै दीर्घकालीन एकताका लागि सिरहामा कांग्रेसजनहरुले नयाँ शैली अपनाएका छन् ।

कांग्रेस भित्र फरक मत र विभन्न समूहा छरिएर रहेका नेता तथा कार्यकर्तालाई एक ढिक्का बनाएर अघि बढ्नका लागि एकता सबल बनाउने उद्देश्यले वनभोज आयोजना गरिएको नेपाल विद्यार्थी संघ सिराहाले जनाएको छ ।

नेवि संघ सिराहाका सभापति पप्पुकुमार यादवले लहान नगरपालिकास्थित वनभोज आयोजना गरी जिल्लामा रहेका कांग्रेसका नेता तथा कार्यकर्ताहरुलाई एकठाउँमा जम्मा गरी वनभोज आयोजना गरिएको सभापति यादवले बताए।

कांग्रेसमा फरक मत र समूह भए पनि पार्टीलाई मजबुत बनाउनका लागि दीपावलीमा देउँसी भैलो खेलेर जम्मा गरिएको रकमबाट सो वनभोजको आयोजना गरिएको उनले बताए ।

कांग्रेस सिरहाको १४ औं जिल्ला अधिवेशनबाट जिल्ला सभापतिमा निर्वाचित रामचन्द्र यादव र उम्मेदवार रहेका रामसुन्दर चौधरी नेविसंघले आयोजना गरेको वनभोजमा संगै उपस्थित भएपछि पार्टीलाई मजबुत बनाउन एकैथलोमा रहेको सन्देश दिएको उनको दाबी छ ।

नेता रामसुन्दर चौधरीले चुनावका बेला देखिएको मतान्तर कम गरेर फेरि पार्टीको काममा सबै मिलेर अगाडि बढ्नका लागि वनभोजले सकारात्मक सन्देश दिएको बताए ।

कांग्रेस सिराहाका सभापति रामचन्द्र यादवले जिल्ला अधिवेशनको समयमा फरक समूहबाट उम्मेदवार हुनु स्वाभाविक भए पनि नेतृत्व चयन भएपछि चुनावी तनावलाई थाती राख्दै पार्टी एकताबद्ध भएर जनताको काममा लाग्नुपर्ने बताए ।

वनभोजमा लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरीले लहान नगरपालिकामा नेपाली कांग्रेसले पहिलो पटक जीत हासिल गरेकाले आफूले नमुना काम गरेर देखाउन खोजेको र त्यसका लागि पार्टी पंक्तिबाट सहयोगको अपेक्षा गरेको बताए ।

# धनुषाधाममा विद्युत महसुल वडाले नै तिर्ने




**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको धनुषाधाम नगरपालिकाको एक वडामा मुसहर समुदायको सम्पूर्ण विद्युत महसुल नगरपालिकाले नै तिरिदिने भएको छ ।

धनुषाधाम नगरपालिका वडा नम्बर -७ ले आफ्नो वडामा भएका सम्पूर्ण मुसहर परिवारको विद्युत् महसुल तिरिदिने जनाएको छ । सामाजिक तथा आर्थिक रुपले पिछडिएका मुसहर परिवारको घर बत्ती विद्युत महसुल वडाले तिरिदिने भएको नगरपालिकाले जनाएको छ ।

धनुषाधाम नगरपालिका-७ का वडाअध्यक्ष हेमनारायण यादवले किसानको सिँचाइ विद्युत महसुलसंगै वडामा बसोबास गरिरहेका सम्पूर्ण मुसहर परिवारको घर बत्ती विद्युत महसुल वडा कार्यालयबाट तिरिदिने बताए । उनले पुरानो बक्यौता रकमसमेत तिरिदिने बताए । मुसहर परिवारको विद्युत् महसुल तिर्न बजेट विनियोजन गरिएको छ ।

वडाको भगवानपुर, सरस्वती टोल, मर्टेवा र किसानपुर गरी ५० भन्दा बढी मुसहर समुदायको घर रहेको वडाध्यक्ष यादवले बताए ।

उनका अनुसार चालू आर्थिक वर्षमा सिँचाइ विद्युतका लागि ११ लाख रुपैयाँ र मुसहर परिवारको विद्युत महसुल तिर्न दुई लाख रुपियाँ बजेट विनियोजन गरिएको छ । आउँदो आर्थिक वर्षबाट वडाभित्रका मुसहर समुदायलगायत सम्पूर्ण दलित तथा विपन्न परिवारको घर बत्तीको विद्युत् महसुल वडा कार्यालयबाट तिर्ने व्यवस्था मिलाउने उनको भनाइ छ ।

सिँचाइ विद्युत महसुल तिर्दा जग्गाजमिन हुनेलाई मात्र फाइदा पुग्छ त्यसैले यो सुविधा यहाँका सबै जनताले उपभोग गरुन् भनेर मुसहर तथा विपन्न परिवारको विद्युत् महसुल तिरिदिने योजना बनाएको वडाध्यक्ष यादवले बताए ।

# महिनौंदेखि बिग्रिएको सिटी स्क्यान मेसिन मर्मत गराउन आलटाल




**टुडे समाचारदाता**

जनकपुरधाम । महिनौंदेखि बिग्रिएको सिटी स्क्यान मेसिन मर्मत गराउन प्रादेशिक अस्पताल जनकपुरले आलटाल गर्दा करोडौंको मेसिन अलपत्र अवस्थामा थन्किएको छ ।

दिनहुँ जसो आउने करिब एक दर्जनभन्दा बढी गम्भीर प्रकृतिका बिरामी सिटी स्क्यान गराउन प्रादेशिक अस्पतालमा आउँदा सो सेवा उपलब्ध नहुँदा निजी प्रयोगशालामा सेवाग्राहीहरु जान बाध्य छन् ।

करिब १० वर्षदेखि सञ्चालित फिलिप्स कम्पनीको सिटी स्क्यान मेसिन ६ महिनादेखि बिग्रेर मर्मत बेगर थन्किएको अवस्था अलपत्र परेको छ । मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार डा. विनोद यादवले वर्षाको पानी चुहिएर सिटी स्क्यान मेसिनको ट्यूब खराब भएपछि थन्किएको बताए । उनले सो मेसिन मर्मतका लागि करिब ९० लाख रुपैयाँ पर्ने बताए । चालु आर्थिक वर्षमा मधेश प्रदेश सरकारले सिटी स्क्यान मेसिन किन्न जनस्वास्थ्य आपूर्ति केन्द्रलाई बजेट दिएको छ । प्रादेशिक अस्पतालले पुरानो मेसिनलाई धेरै रकम खर्च गरेर बनाउनुभन्दा जनस्वास्थ्य आपर्ति केन्द्रले नयाँ मेसिन किनेर दिने प्रतिक्षामा रहेको जनाएको छ ।

सिटी स्क्यान मेसिन बिग्रिँएका बेला चिकित्सकले पनि बिरामीलाई निजी प्रयोगशालामा सिटी स्क्यान गराउन पठाउँदा उनीहरुसमेत चिकित्सकमाथि कमिसनका लोभमा नीजि प्रयोगशालामा पठाउने गरेको शंका उत्पन्न हुने गरेको बताउँछन् ।

नीजि प्रयोगशालामा सिटी स्क्यान गरेको १० देखि २५ हजार रुपैयाँसम्म शुल्क लिने गरेको छ । तर प्रादेशिक अस्पतालमा भने बढीमा १० हजार रुपैयाँसम्म लिने गर्थ्यो ।

प्रादेशिक अस्पताल जनकपुरलाई बजेट, जनशक्तिलगायतमा उपेक्षा गर्दा स्वास्थ्य सेवा प्रभावित हुँदै आए पनि प्रदेश सरकारले समेत बेवास्ता गर्दै आएको छ ।

# लागुऔषध कारोबारका 'हब' बन्दै फार्मेसी



भक्तपुर । जिल्लामा सञ्चालित औषधि पसल अर्थात् फार्मेसीदेखि सौन्दर्यकला व्यवसाय अर्थात् ब्युटिपार्लरसम्म लागुऔषध कारोबारको 'हब' बन्न थालेका छन् ।

जिल्ला प्रहरी परिसर भक्तपुरले औषधि पसलदेखि ब्युटी पार्लरसम्मबाट धमाधम लागुऔषध कारोबारीलाई पक्राउ गर्न थालेपछि फार्मेसी लागुऔषध कारोबारीको हब बन्न थालेको आशङ्कामा गोप्य 'सर्च' गर्नाका साथै छापा मार्न थालेको छ ।

मानवीय शरीरजन्य रोगका उपचारका लागि सरकारले स्वीकृत दिएका औषधि बिक्री गर्न सञ्चालन भइरहेका फार्मेसी अर्थात् औषधि पसल नै मानवीय स्वास्थ्य जोखिममा पार्ने लागुऔषध कारोबार गर्न थालेपछि प्रहरी यसतर्फ केन्द्रित हुँदै पक्राउ गर्न थालेको प्रहरी परिसरका प्रहरी उपरीक्षक माधव बुढाथोकीले जानकारी दिनुभयो ।अघिल्लो आर्थिक वर्ष लागुऔषध कारोबारको अभियोगमाभक्तपुरमाएकजनालाई पनि पक्राउ नगरेको प्रहरीले यही कात्तिक महिनामै पाँच घटनामा १० जनालाई पक्राउ गरेको उहाँले जानकारी दिनुभयो ।

प्रहरी उपरीक्षक बुढाथोकीले राससलाई भन्नुभयो, "म आएको एक महिना भयो, अघिल्लो वर्षको अपराधको तथ्याङ्क अध्ययन गर्ने क्रममा अघिल्लो आर्थिक वर्षमा लागुऔषध कारोबारी र दुर्व्यसनी कोही पनि पक्राउ नपरेको, मुद्दा नचलेको र भक्तपुर लागुऔषधमा शून्य भएको पाएँ, मलाई शङ्का लाग्यो र अभियान सुरु गरे, अवस्था फरक रहेछ, धमाधम पक्राउ गर्न थालेका छौं ।"

उहाँले औषधि व्यवसाय नै लागुऔषध कारोबारको हब बन्न थालेको आशङ्का पैदा भएको जनाउँदै औषधि पसल, ब्युटीपार्लरदेखि प्रयोगकर्तासम्मलाई पक्राउ गर्ने अभियान सुरु गरेको बताउनभयो । प्रहरीले गत शनिबार मध्यपुरथिमि-९ राधेराधेस्थित सुजु मेडिकलबाट लागुऔषधको कारोबार गरेको पाइएपछि सञ्चालक ४८ वर्षीय गणेशप्रसाद आचार्यलाई पक्राउ गरी अनुसन्धान अघि बढाएको उहाँले बताउनुभयो ।

प्रहरी उपरीक्षक बुढाथोकीले भन्नुभयो, "सुजु मेडिकलबाट लागुऔषध बिक्री वितरण भइरहेको अवस्थामा फार्मेसीबाट पाँच सय ३० थान ट्याब्लेट लागू औषध बरामद गरेका छौं, त्यसैगरी मध्यपुरथिमि नगरपालिका-१ लौहकिन्थली अर्को फार्मेसीका सञ्चालक रोहित सिंहसहित बलिराम खड्कालाई एक सय ८० ट्याब्लेट लागुऔषधसहित पक्राउ गरेर जिल्ला अदालतबाट म्याद थप गरी अनुसन्धान र कारबाही प्रक्रिया अगाडि बढाएका छौं ।"

उहाँले लागुऔषध दुर्व्यसन रोक्न यसको कारोबार नै रोक्नुको विकल्प नभएको भन्दै प्रहरी त्यसमा केन्द्रित भएको बताउनुभयो । जिल्ला प्रहरी परिसरका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक ढुण्डीराज नेउपानेले पक्राउ परेका सेवनकर्ता २८ वर्षीय राजेश गुरागाईंका साथबाट ५० एमजीको ट्याब्नाडोल तीन थानसहित पक्राउ गरेर सोधपुछका क्रममा रोधरोधस्थित सुजु मेडिकलबाट खरिद गरेको बताएपछि प्रहरीले उक्त मेडिकलमा छापा मारेको बताउनुभयो ।

प्रहरीले उक्त फार्मेसीबाट टपेनाडोल ५० एमजीका तीन सय २० थान ट्याब्लेट र टपेनाडोल एक सय, एमजीका २१० थान ट्याब्लेट बरामद गरेको प्रनाउ नेउपानेले राससलाई बताउनुभयो ।

प्रहरीले भक्तपुरको सल्लाघारीस्थित रानीपोखरीबाट अवैध लागुऔषधसहित दुई जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा दोलखाको शैलुङ गाँउपालिका-६ घर भई भक्तपुर सल्लाघारी बस्ने १८ वर्षीय सुशील कार्की र रामेछापको मन्थली नगरपालिका-२ घर भई हाल भक्तपुर नगरपालिका-१ बस्ने २२ वर्षीय हिरे माझी रहेका छन् । प्रहरीले उनीहरुको साथबाट अवैध लागुऔषध ५० एमजीका ७० थान ट्रामा बरामद गरिएको प्रनाउ नेउपानेले जानकारी दिनुभयो ।

यसअघिपनिप्रहरीलेफार्मेसीर ब्युटीपार्लरबाट अवैध लागूऔषध कारोबार भइरहेको अवस्थामा पक्राउ गरी मुद्दा चलाएको थियो । प्रहरीले लागुऔषधि कारोबार रोक्न फार्मेसीदेखि ब्युटीपार्लरसम्म गोप्य सर्चअभियानसञ्चालनगर्नेप्रहरीले जानकारी दिएको छ ।रासस

# अदुअआ ऐन संशोधन विधेयकमाथि छलफल



काठमाण्डु । प्रतिनिधिसभा, राज्य व्यवस्था तथा सुशासन समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ लाई संशोधन गर्न बनेको विधेयकमाथि संशोधनकर्ता सांसदसँग छलफल गरेको छ । समितिको सोमबारको बैठकमा सांसदले भ्रष्टाचारसम्बन्धी विषयको अनुसन्धान गर्ने मुख्य जिम्मेवारी प्राप्त अख्तियारको भूमिकालाई बलियो बनाउने प्रावधान ऐनमा समेटिनुपर्नेमा जोड दिनुभयो ।

संशोधनकर्ता सांसद अर्जुननर सिंह केसीले संवैधानिक संस्थालाई राजनीतिक भागबण्डाबाट बाहिर राख्न नसक्दा त्यस्ता संस्था निरीह हुने र यसबाट मूल्यमान्यता र पद्धति कागजमा सीमित हुने बताउनुभयो । "भ्रष्टाचार मुक्त समाज नभएसम्म सुशासन कायम हुन सक्दैन, 'सिंहदरबार र भ्रष्टाचार' पर्याय बनेको छ, यसलाई चिर्न अख्तियार दुरुपयोग आयोग ऐनलाई बलियो बनानुपर्छ", उहाँले भन्नुभयो ।

नीतिगत निर्णयका नाममा हुने भ्रष्टाचार रोक्न नसकिए अवस्था झन् जटिल हुनसक्ने औँल्याउँदै सांसद केसीले नीतिगत निर्णयसम्बन्धी व्यवस्था थप प्रष्ट हुनुपर्छ भन्नुभयो । "नीतिगत निर्णय नै भ्रष्टाचारको मुल कारक हो, यससम्बन्धी प्रावधान हटाइनुपर्छ", उहाँले भन्नुभयो, "मन्त्रिपरिषद्को निर्णय, संसदीय समितिका निर्णय अख्तियारले हेर्न नपाउने निर्णय हटाइनुपर्छ ।"

सांसद अमरेशकुमार सिंहले भ्रष्टाचार न्यूनीकरण गर्न राज्य सञ्चालक नै जिम्मेवार हुनुपर्ने बताउनुभयो । एक पटकको भ्रष्टचारी सँधैको भ्रष्टाचारी भएको उल्लेख गर्दै उहाँले भ्रष्टाचारीलाई कारबाहीको हद राख्न नहुनेमा जोड दिनुभयो । "अख्तियारले सरकारी संस्थामा भएका भ्रष्टाचारका राम्ररी अध्ययन गर्न सकेको छैन", उहाँले भन्नुभयो, "मन्त्रिपरिषद् निर्णयमाथि पनि अनुसन्धान गर्न सक्ने व्यवस्था ऐनमा गर्नुपर्छ ।"

सांसद नारायणी शर्माले भ्रष्टाचार नियन्त्रणमा प्रभावकारी भूमिका खेल्न सक्ने गरी अख्तियारसम्बन्धी ऐन बताइनुपर्ने बताउनुभयो । सांसद श्यामकुमार घिमिरेले निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउनै नहुनेमा जोड दिनुभयो ।सांसद रोशन कार्कीले संवैधानिक निकायमाथिका राजनीतिकरण बन्द हुनुपर्नेमा जोड दिँदै अतिराजनीतिक कारणबाट ती संस्थाले प्रभावकारी काम हुन नसकेको टिप्पणी गर्नुभयो । सांसद राजेन्द्र केसीले निजी क्षेत्रलाई अख्तियारको दायरामा ल्याउन नहुने र निजी क्षेत्रका नियामक निकायको भूमिकालाई नै प्रभावकारी बनाइनुपर्ने बताउनुभयो ।

समिति सभापति रामहरि खतिवडाले उक्त संशोधन विधेयकमा ३२ सांसदले ६३ वटा संशोधन दर्ता गराएको जानकारी दिनुभयो । समितिले अर्को बैठकमा संशोधनकर्ता सांसदसँग थप छलफल गर्ने भएको छ । समितिको सोमबारको बैठकमा गृहमन्त्री रमेश लेखक र रक्षामन्त्री मानवीर राई सहभागी हुनुहुन्थ्यो ।रासस

# राष्ट्रिय मुक्ति सिरहाको कार्यसमिति गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । राष्ट्रिय मुक्ति पार्टी नेपालको सिरहाको ११ सदस्यीय कार्यसमिति गठन भएको छ । सोमबार जिल्लाको गोलबजारको कुशवाहा धर्मशालामा भएको जिल्ला बैठकले संयोजक सत्य नारायण यादवको संयोजकत्वमा ११ सदस्यीय जिल्ला कार्यसमिति गठन भएको हो । बैठकले जिल्लाका १७ वटा पालिकामा बैठक गरी पालिका कमिटी गठन गर्ने निर्णय समेत गरेको छ ।

समितिको सदस्यहरुमा राम औतार यादव, वीरेन्द्र कुमार महतो, राम दयाल कामती, पशुपती गोहिवार,सुलेनादेवी यादव, शान्ती देवी ठाकुर,राम नारायण चौधरी, सन्जु कुमारी राम, संगीता महतो र उतीमलाल मण्डल रहेका छन् ।


बैठकमा रामपा नेपालका केन्द्रीय नेता कौशल कुमार सिंहले यो पार्टी बहुल राष्ट्रवाद, स्वदेशवाद र सामुदायिक समाजवादको एजेण्डामा अगाडी बढेको र पार्टीले राष्ट्रिय मुक्ति क्रान्ति पुरा गरी यो एजेण्डालाई पुरा गर्ने बताउनुभयो । बैठकमा केन्द्रीय नेताहरु अनील सिंह, प्रदीप सिंह दनुवार, धनीराम महतो, भरत साह, रेणु शर्मा, सुनीता पण्डित, ललिता चौधरी, दोरीक चौधरी, विनोद चौधरी लगायतका दर्जनौं नेताहरुको उपस्थिति थियो । कार्यक्रम पार्टीका जिल्ला संयोजक श्री सत्यनारायण यादवको अध्यक्षतामा सम्पन्न भएको थियो ।

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : पुरस्कार प्राप्त लाभ । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : शिक्षामा उन्नति । |
| सिंह | : पारिवाहिक सुख । |
| कन्या | : धन वृद्धि सञ्चय । |
| तुला | : प्रेम प्रसंग, मित्र सुख । |
| बृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : अवसर प्राप्त । |
| कुम्भ | : वाद विवादबाट बच्नु । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



हुलाकी राजमार्ग अन्तर्गत धनुषा र सिरहालाई जोड्ने कमला नदीमा बनाइएको बाँसको अस्थायी पुलबाट नदी आवतजावत गर्दै यात्रु। नदीमा बनाइएको पक्की पुल सञ्चालनमा नआउँदै बाढीले भत्काएपछि सर्वसाधारणलाई आवतजावतमा सहजताका लागि नदीमा सिरहा नगरपालिकाले बाँसको पुल बनाएको छ। *तस्विरः रासस*

# दसैँ, तिहार र छठमा पाँच करोडको फूल किनबेच

जनकपुरधाम । यस वर्षको बडादसैँ, तिहार तथा छठ पर्वमा जनकपुरलगायतका मधेसका बजार क्षेत्रमा रु पाँच करोड मूल्य बराबरका फूल तथा फूलमालाको किनबेच भएको छ । गत वर्षको सोही अवधिमा करिब रु तीन करोड ५० लाख मूल्यबराबरको फूल किनबेच भएको थियो ।

पोहोरको तुलनामा यस वर्ष फूलको कारोबार वृद्धि भएको फूलको थोक व्यापारी जेके फ्लावर एन्ड गिफ्ट हाउस जनकपुरका सञ्चालक जितेन्द्रकुमार भण्डारीले बताउनुभयो ।उक्त परिमाणमा फूल किनबेच जनकपुर, जलेश्वर, लहान, राजविराज, लालबन्दी, मलङ्गवा, हरिऔन, चन्द्रनिगाहपुर तथा गौरको आसपासका बजारमा भएको हो। भण्डारीका अनुसार यस वर्ष बजार मागको ९५ प्रतिशतभन्दा बढी फूलमाला आन्तरिक उत्पादन र पाँच प्रतिशतभन्दा कम भारतबाट आयात भएको थियो ।

विगतमा भारतको पटना तथा कलकताबाट फूल तथो माला आयात हुने गर्थ्यो । यस वर्ष सरकारले आयातमा कडाइ गरेपछि आन्तरिक उत्पादनका फूलमाला बिक्री भएको उहाँको भनाइ छ । जनकपुर बजार क्षेत्रमा फूल व्यापारी २० जना छन्भने करिब दुई सय किसान फूल खेतीमा लागेको कृषि ज्ञान केन्द्रले जनाएको छ। धनुषामा करिब ५० बिघा क्षेत्रफलमा गोदावरी फूलको व्यावसायिक खेती हुने गरेको छ । देपुरा, रुपैठा, फूलगामा, परवाहा, ढल्केबर लगायतका ग्रामीण व्यावसायिक फूल खेती हुने गरेको छ। कहिलेकाहीँ प्रतिकूल मौसमका कारण फूल बिग्रिने गरेको जनकपुर घर भई काठमाडौँ गौशालामा थोक व्यापार गर्दै आउनुभएका ७० वर्षीय रामदयाल माली भण्डारीले बताउनुभयो । स्थानीय खुद्रा व्यवसायी रामजीवन भण्डारीले यस वर्ष रु २० लाखको फूल बिक्री गरेको जानकारी दिनुभयो ।

नेपालमा खासगरी पाँच प्रजातिको सयपत्री फूल पाउने भए पनि कलकतिया तथा पटनिया प्रजातिका सयपत्रीफूल अत्यधिक बिक्री हुने व्यापारी तथा किसानहरु बताउँछन् ।

फूल खेतीका लागि प्रचुर सम्भावना भएकाले स्थानीय सरकारले यसको विकासमा जोड दिनुपर्ने फूल व्यवसायीको भनाइ छ ।रासस

# वीरगञ्जमा यात्रुसँग दोब्बर भाडा असुल्दै सार्वजनिक यातायात



वीरगञ्ज । छठपर्व मनाएर काठमाडौँ फर्किने यात्रुसँग वीरगञ्जका सार्वजनिक यातायातमा दोब्बर भाडा असुल्न थालिएको छ ।

वीरगञ्जबाट हेटौँडा-काठमाडौँ चल्ने टाटा सुमो, इलेक्ट्रिक बस तथा लामो रुटमा चल्ने सवारीसाधनमा साविकको भन्दा दोब्बर भाडा असुल्न थालिएको तर प्रशासनले भने कारबाही गर्न नसकेको यात्रुहरूको गुनासो छ । हाल वीरगञ्जका बस काउन्टरमा यात्रुले टिकट पाउनसमेत मुस्किल छ। वीरगञ्ज महानगरपालिका-१५ लक्ष्मणवा बस्ने जयमोद ठाकुरले गत शनिबार आफ्नो छोरा वीरगञ्ज-हेटौँडा हुदैँ काठमाडौ जाँदा इलेक्ट्रिक बसले दोब्बर भाडा असुलेको गुनासो गर्नुभयो । “मेरो छोरालाई वीरगञ्जबाट काठमाडौँ पठाउँदा अन्य बेलाभन्दा दोब्बर भाडा तिरेर पठाए । अरु बेला वीरगञ्जबाट काठमाडौँ जाँदा रु आठ सय ५० सम्म लिने गरिन्थ्यो तर अहिले यातायात व्यवसायीले एक हजार पाँच सयसम्मको भाडा मागे । यसरी जथाभावी ढङ्गले भाडा असुल्नेलाई प्रहरीले कारबाही गर्न सकिरहेको छैन”, उहाँले भन्नुभयो । ठाकुरले वीरगञ्जका यातायात व्यवसायीले बढी भाडा असुलेको विषयलाई लिएर आइतबार सामाजिक सञ्जाल फेसबुकमा भिडियोसमेत पोष्ट गर्नुभएको छ ।

व्यवसायीले अरु बेला टिकट दिने गरे पनि हाल टिकट छैन भनेर बढी मूल्य दिनेलाई मात्रै उपलब्ध गराउने गरेको आरोप लगाउनुभयो । वीरगञ्ज बसपार्कमा यात्रु सहायता कक्ष राखेको भए पनि प्रहरी प्रशासनले यात्रुलाई राहत र विचौलियालाई कानुनी दायरामा ल्याउन नसकेको ठाकुरको भनाइ छ ।

जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख लोकराज भट्ट भने बढी भाडा लिएको भन्दै गुनासो आएपछि अनुगमनमा जाँदा गुनासोकर्ता नै सम्पर्कमा नआउँदा कारबाही गर्न समस्या भइरहेको दाबी गर्नुहुन्छ। “शनिबार पनि बढी भाडा लिएको भन्दै फोनमा गुनासो टिपाएपछि हामी त्यसबारे बुझ्न जाँदा पीडितपक्ष सम्पर्कमा नै आएनन्, अनि के आधारमा कारबाही गर्नु”, उहाँले भन्नुभयो, “हामीले परवानीपुरमा पनि नियमित जाँच गरिरहेका छौँ । कतिपय यात्रु बढी भाडा तिरेर जाँदा पनि ट्राफिक प्रहरीलाई रिपोर्ट नगर्दा त्यस्ता सवारीसाधनलाई कारबाही गर्न समस्या भइरहेको छ ।”

पर्साका ट्राफिक प्रहरी प्रमुख भट्टले वीरगञ्जको गण्डकचोकबाट बढी भाडा लिएको गुनासो आएसँगै आइतबार एउटा सवारीसाधनलाई बढी भाडा लिएको भन्दै फिर्ता गराउन लगाएको जानकारी दिनुभयो । “आइतबार बढी भाडा लिएको भन्ने एउटा सवारीसाधनबाट बढी भाडा फिर्ता पनि गरायौँ ।” उहाँले भन्नुभयो, “बढी भाडा लिएको सवारीसाधनलाई आवश्यक कारबाही गर्नका लागि यातायात व्यवस्था कार्यालय वीरगञ्जलाई सिफारिस गरेका छौँ ।”रासस

# सामाजिक अभियन्ता राय इन्टरनेशनल एक्सेलेन्स अवार्डद्वारा सम्मानित

**टुडे समाचारदाता**

जनकपुरधाम । सामाजिक क्षेत्रमा उतकृष्ट कार्य गर्दै आईरहेका जनकपुरधामका सामाजिक अभियन्ता सरोज कुमार राय इन्टरनेशनल एक्सेलेन्स अवार्डबाट सम्मानित भएको छ ।

काठमाण्डौको हयात रेजेन्सीमा आयोजीत एक कार्यक्रममा भारतको काशियाना फाउन्डेशनद्वारा समाजसेवी सरोज कुमार रायलाई इन्टरनेशनल एक्सेलेन्स अवार्डले सम्मानित गरिएको हो । यो पुरस्कार समाजका विविध क्षेत्रहरूमा महत्वपूर्ण योगदान पुर्याएका व्यक्तिहरूलाई प्रदान गरिन्छ, र सरोज रायको अनवरत प्रयासले उनलाई झण्डै ३० जनाको विशिष्ट समूहमा यो पुरस्कार दिलाएको छ ।





सरोज राय, नेपालका एक ख्यातिप्राप्त समाजसेवी र सामाजिक अभियन्ता,ले शिक्षा, विपन्न समुदायहरूको सहयोग, मानव बेचबिखन बिरूद्धको अभियान, वैदेशिक रोजगारी सहायता, वातावरण संरक्षण, र प्रकोप राहतजस्ता मुद्दाहरूमा महत्वपूर्ण भूमिका निभाएका छन्। उनले विदेशी मुलुकहरूमा कठिन अवस्थामा रहेका धेरै नेपाली कामदारहरूको सहयोग मात्र गरेका छैनन्, मृत्युदण्डको सजाय भोगिरहेका कैयौंलाई बचाएका छन् र मानव बेचबिखनका पीडितहरूको लागि आवाज उठाएका छन्। उहाँको समर्पणले प्राकृतिक प्रकोपका बेला राहत प्रदान गर्ने, सामुदायिक स्वास्थ्य पहलहरू आयोजना गर्ने, र आधारभूत मानव अधिकारहरूको लागि वकालत गर्ने कार्यलाई समेटेको छ । उहाँको यी योगदानहरूको लागि प्रबल जनसेवा श्री पदक, नेशनल सोसल वेल्फेयर अवार्ड, र सोसल हिरो अवार्डजस्ता सम्मानहरू प्राप्त भएका छन्।

यो कार्यक्रम “काशियाना फाउन्डेशन प्रस्तुत डी३० इन्टरनेशनल युथ आइकन अवार्ड्सः नशामुक्ति र अपांगता चेतना सम्मेलन ३० देशमा” भन्ने ब्यानर अन्तर्गत आयोजित थियो, जसले फाउन्डेशनको समाज परिवर्तनका अभियानहरूप्रतिको प्रतिबद्धता झल्काउँछ। यसमा भारतका १७ राज्यहरूमा पाँच करोडभन्दा बढी जनसंख्यालाई प्रभाव पार्दै काशियाना फाउन्डेशनले चलाएको ठूलो नशा विरोधी अभियानको महत्वपूर्ण प्रयास समेटिएको छ। काशियाना फाउन्डेशनले भगवान बुद्धको पंचशील सिद्धान्तबाट प्रेरित हुँदै नशाको खतराबारे चेतना फैलाउने र समग्र समाज कल्याणलाई प्रवर्द्धन गर्ने उद्देश्य राखेको छ।

समारोहमा उपराष्ट्रपति रामसहाय यादव ,श्याम जाजू, काशियाना फाउन्डेशनका संरक्षक तथा भाजपाका पुर्व उपाध्यक्ष दुष्यन्त गौतम, भाजपाका राष्ट्रिय महासचिव डा. केशरजंग बराल, उपकुलपति र प्राध्यापक, त्रिभुवन विश्वविद्यालय डा. दीपा मलिक, अपांगता समावेशी सल्लाहकार तथा पद्मश्री र अर्जुन पुरस्कार विजेता; भारतका नेपालका लागि राजदूत श्री नवीन श्रीवास्तव; र काशियाना फाउन्डेशनका संस्थापक र सामाजिक न्याय तथा सशक्तिकरण मन्त्रालयका सदस्य सुमीत सिंह उपस्थित थिए।

# छठको ‘सनेस’को मौसम

महोत्तरी । मधेशको मिथिलाक्षेत्रका दीपावली र छठसहितका मुख्य चाडबाड भर्खर सकिएका छन् । अहिले चाडपर्व सकेसँगै मैथिललाई खेतीपातीमा धान थन्क्याउने र हिउँदेबाली लगाउन भ्याइनभ्याइ छ। यसै व्यस्तताबीच मैथिललाई छठको ‘सनेस’ (कोसेली) पुर्‍याउने चटारो छ।

छठ सकेका मैथिल परिवारका गृहिणी अहिले नन्द, आमाजू, फुपू सासू, छोरी र मितमितिनी कहाँ कोसेली पठाउन ठकुवा पकाउन तथा भुसुवा (कसार) बटार्न व्यस्त छन् । पर्वको कोसेली यी सम्बन्धमा पठाउने स्थापित परम्पराले अहिले मिथिलानी (मैथिल गृहिणी) को व्यस्तता बढाएको हो।



“कति धान काटिएर पसी (काटेको धान खेतमा फिजाएर सुकाइने काम)मा छ, कति बोटमै पाकेर पहेँलपुर छ, वर्षभरि खाने अन्न थन्क्याउनु छ”, भङ्गाहा-४ रामनगरकी शान्तिदेवी साह भन्नुहुन्छ, “यसैबेला छठको सनेस पठाउन पनि भ्याइनभ्याइ छ।” तीन छोरी कहाँ कोसेली पठाइसक्नुभएकी उहाँले अब दुई नन्द र एक फुपूसासू कहाँ पुग्न बाँकी रहेको बताउनुभयो।

गृहिणीहरु कोसेली बनाइरहँदा घरका पुरुषले खेतीपातीका काम र कोसेली पुर्‍याउने कामको चाँजो मिलाउनु परेको छ। धान काट्ने, दाईं गर्ने, थन्क्याउनेदेखि हिउँदे बालीमा गहुँ, चना, मुसुरो छर्ने तथा र उखु तथा आलु रोप्ने बेला यही परेको छ। खेतीपातीका काम र कोसेली पुर्‍याउने पारम्परिक काम भ्याउन पर्दा सास फेर्ने फुर्सत नभएको शान्तिका पति हरिदेव साह बताउनुहुन्छ।

मिथिलामा छठ पर्व सकिएको महिना दिनसम्म ‘सनेस’ पठाइने गरिन्छ। कोसेलीका परिकार घरका गृहिणीले बनाए पनि पुर्‍याउन पुरुष नै जानुपर्ने हुँदा अहिले मैथिल परिवार यो पारम्परिक काममा अल्झेका छन् । मिथिलामा कोसेली पठाउनसँगै एक महिनासम्म घरको खाजामा पनि छठ पर्वकै सामग्री खाजामा प्रयोग गर्ने बाक्लो चलन छ।

अहिले बस्तीबस्तीका घरघरै ठकुवा, भुसुवा तयार गरिँदा छन् । पालैपालो समय मिलाएर सनेस पठाइँदो छ। आम रुपमा देखिने यो चलनले पूरै मिथिला क्षेत्रमा अहिले छठको ‘सनेस’को मौसम देखिएको हो । मिथिलामा मनाइने सबैजसो पर्वपछि ‘सनेस’ लाने पुरानो चलन भए पनि पछिल्ला वर्षमा यो क्रम पातलिँदै गएको छ ।रासस

# गत आवको आन्तरिक लेखापरीक्षणबाट सङ्घ र प्रदेश सरकारको साढे २१ अर्ब बेरुजु देखियो

काठमाण्डु । गत आर्थिक वर्ष २०८०/८१ मा सङ्घ र प्रदेश सरकारको बेरुजु रु २१ अर्ब ५१ करोडभन्दा बढी देखिएको छ । महालेखा नियन्त्रक कार्यालयले महालेखापरीक्षकको कार्यालयलाई बुझाएको ‘केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण’अनुसार सङ्घ तथा प्रदेश सरकारको गत आर्थिक वर्ष २०८०/८१ मा आन्तरिक लेखापरीक्षणबाट कायम भएको बेरुजु रकम रु २१ अर्ब ५१ करोड ९६ लाख छ।

जसमा नियमित गर्नुपर्ने बेरुजु रू एक अर्ब १३ करोड ५० लाख, असुल गर्नुपर्ने बेरुजु रू एक अर्ब ९२ करोड ९६ लाख र पेश्की बेरुजु १० अर्ब ४५ करोड ४९ लाख रहेको जनाइएको छ।

महालेखा नियन्त्रक कार्यालयका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार सरकारको गत आर्थिक वर्षको सङ्घीय सञ्चित कोष, वैदेशिक अनुदान र ऋण सहायता, लगानी एवम् नेपाल सरकारका बजेटरी तथा गैर बजेटरी निकायको विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरूको कारोबारलगायतका विषयहरु समेटेर केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण तयार पारी महालेखापरीक्षकको कार्यालयलाई बुझाइसकेको छ। “केन्द्रीय लेखाको एकीकृत वित्तीय विवरण यहि कात्तिक १४ गते महालेखापरीक्षकलाई बुझाइसकेको छौँ। यसरमा सरकारको गत आर्थिक वर्षको कारोबारको यथार्थ वित्तीय अवस्थाको चित्रण छ”, उहाँले भन्नुभयो।

उक्त विवरणअनुसार गत आर्थिक वर्षमा सङ्घीय सञ्चित कोष कुल रू दुई खर्ब २४ अर्ब ९९ करोड १३ लाखले ऋणात्मक छ।

## मालपोत कार्यालय मौलापुर, रौतहट

### छुट जग्गा दर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सुचना

रौतहट साविक गा.वि.स.इनरवारी वार्ड नं.१हाल बौधीमाई न.पा.४ मा बस्ने शिवदुलारी यादवले जग्गाधनि रामबहादुर राय यादवको नाममा सर्वे नापी भएको जि.रौ. गा.वि.स. ईनरवारी वडा नं.३ कि.नं. १७३को ०-३-०, १६१ को ०-१२-१ ,९९को ०-४-१३ र वार्ड नं.७ कि.नं.६९६ को ०-२-१५ को अप्रमाणित जग्गा प्रमाणित गरी आफनो नाममा दा.खा.को लागि द.नं.३ मिति २०८१/०४/१गतेको माग निवेदन।

माग जग्गाको मोठ भिडान हुँदा गा.वि.स. ईनरवारी वडा नं.३ कि.नं.१७३को ०-३-०, १६१ को ०-१२-१ ,९९को ०-४-१३ र वार्ड नं.७ कि.नं.६९६ को ०-२-१५ जग्गाको जग्गाधनि विवरणमा जग्गाधनीको नाममा झगरा उल्लेख रहेको र वतनमा इनरवारी १ मात्र उल्लेख रही जंगीलाल राय यादव र रामबहादुर राय यादवको को नाममा रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ।

बौधीमाई न.पा. ४ को च.नं.३९८ मिति २०८१/०७/११ गतेको पत्रले जिल्ला रौतहट साविक गा.वि.स. इनरवारी वार्ड नं.१हाल बौधीमाई न.पा.४ मा बस्ने रामबहादुर राय यादवको नाममा सर्वे नापी भएको जि.रौ. गा.वि.स. ईनरवारी वडा नं.३ कि.नं.१७३को ०-३-०, १६१ को ०-१२-१ ,९९को ०-४-१३ र वार्ड नं.७ कि.नं.६९६ को ०-२-१५ को जग्गाहरु रौतहट जिल्ला अदालतको मिति २०५८/०५/२६ गतेको अंशबण्डाको मिलापत्र बमोजिम रामबहादुर राय यादवको छोराबुहारी रामकिशोर प्रसाद यादवको श्रीमति शिवदुलारी यादवको अंशभागमा परी निजले हकभोग गरिरहेकोमा सो अप्रमाणित जग्गाहरु प्रमाणित गरी शिवदुलारी यादवको नाममा दा.खा.गरिदिनको लागि सिफारिस भई आएकोमा उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनुभनी जग्गा प्रशासन कार्यबिधि २०६२ को भाग ३ परिच्छेद१ को दफा १.९.१ङ बमेजिम यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छा यो सुचना प्रकाषित भएको मितिले बाटोको म्यादबाहेक ३५ दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांग दाबी बमोजिम दा.खा.भै जाने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ।

## मालपोत कार्यालय मौलापुर, रौतहट

### छुट जग्गा दर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सुचना

रौतहट साविक गाविस इनरवारी वार्ड नं. १हाल बौधीमाई न.पा.४ मा बस्ते मणिरंजन प्रसाद यादवले जग्गाधनि जंगीलाल राय यादवको नाममा सर्बें नापी भएको जि.रौ,गाविस ईनरवारी बडा नं.३ कि.नं. २०२ को ०-२-१०, १४० को ०-१४-७ वार्ड नं. ७ कि.नं. ५९को ०-५-९ को अप्रमाणित जग्गा प्रमाणित गरी आफनो नाममा दा.खा. को लागि द.नं. २ मिति २०८१/०४/१ गतेको माग निवेदन।

माग जग्गाको मोठ भिडान हँदा गाविस ईनरवारी वडा नं.३ कि.न २०२को ०-२-१० र वडा न. ७ को कि नं.५९को ०-५-९ को जग्गाको जग्गाधनि विवरणमा जग्गाधनीको नाममा झगरा उल्लेख रहेको र वतनमा इनरवारी १ मात्र उल्लेख रही जंगीलाल राय यादव र रामबहादुर राय यादबको नाममा रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ। त्यस्तै गाविस ईनरवारी वडा न.३ कि.नं. १४० को मोठ श्रेस्ता खोजतलास गर्दा फेला नपरेको र जंगीलाल राय यादवको नाममा रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ।

बौधीमाई न.पा. ४ को च.नं ३९९ मिति २०८१/०७/११ गतेको पत्रले जिल्ला रौतहट साविक गाविस इनरवारी वार्ड नं.१हाल बौधीमाई न.पा ४ मा बस्ने जंगीलाल राय यादवको नाममा सर्वे नापी भएको जि.रौ.गाविस ईनरवारी बडा नं. ३ कि.नं.२०२ को ०-२-१०, १४० को ०-१४-७ वार्ड नं. ७ कि.नं. ५९ को ०-५-९को जग्गाहरु रौतहट जिल्ला अदालतको मिति २०५८/०५/२६ गतेको अंशवण्डाको मिलापत्र बमोजिम मणिरंजन प्रसाद यादवको अंशभागमा परी निजले हकभोग गरिरहेकोमा सो अप्रमाणित जग्गा प्रमाणित गरी मणिरंजन प्रसाद यादवको नाममा दा.खा गरिदिनको लागि सिफारिस भई आएकोमा उल्लेखित जग्गामा कोही कसैको हकदावी पुग्ने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनुभनी जग्गा प्रशासन कायर्यबिधि २०६२ को भाग ३ परिच्छेद१ को दफा १.९.१ड बमेजिम यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ३५.दिनभित्र आफनो हकदाबीकी प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउनु होला अन्यथा मांग दाबी बमोजिम दा. खा.भै जाने व्यहोरा यसै सुचनाद्वारा जानकारी गराईन्छ।


## मालपोत कार्यालय मौलापुर, रौतहट

### छुट जग्गा दर्ता सम्बन्धी हकदावीको ३५ दिने सार्वजनिक सुचना

रौतहट साविक गाविस इनरवारी बार्ड नं. १हाल बौधीमाई न.पा, ४ मा बस्ने राजिव रंजन यादवले जग्गाधनि जंगीलाल राय यादवको नाममा सर्वे नापी भएको जि.रौ.गाविस ईनरवारी वडा नं.३ कि.नं.१४२को ०-७-४, ८४को ०-७-२, वार्ड नं.७ कि.नं.३३७को ०-८-१० र वार्ड न. ४ कि.न.१०५को को ०-६-१ को अप्रमाणित जग्गा प्रमाणित गरी आफनो नाममा दा.खा.को लागि द.नं.४ मिति २०८१/०४/१गतेको माग निवेदन।

माग जग्गाको मोठ भिडान हुँदा गाविस ईनरवारी वडा नं.३ कि.नं.८४को ०-७-२ र वार्ड नं.७ को कि.नं.३३७ को ०-८-१० को जग्गाको जग्गाधनि विवरणमा जग्गाधनीको नाममा उल्लेख नरहेको र वतनमा इनरवारी १ मात्र उल्लेख रही जंगीलाल राय यादवको नाममा रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ। त्यस्तै गाविस ईनरवारी वडा नं.३ कि.नं. १४२ र वार्ड न४ कि.न. १०५ को मोठ श्रेस्ता खोजतलास गर्दा फेला नपरेको र जंगीलाल राय यादवको नाममा रोक्का देखिदैन भने व्यहोरा उल्लेख भई आएको देखिन्छ।

बौधीमाई न.पा.४ को च.नं.४०० मिति २०८१/०७/११ गतेको पत्रले जिल्ला रौतहट साविक गाविस इनरवारी बार्ड नं. १ हाल बौधीमाई न.पा.४ मा बस्ते जंगीलाल राय यादवको नाममा सर्वे नापी भएको जि.रौ.गाविस ईनरवारी वडा नं.३ कि.नं.१४२ को ०-७-१४, ८४ को ०-७-२ ,वार्ड नं.७ कि.नं. ३३७को ०-८-१० र वार्ड न. ४ कि.न.१०५को ०-६-१को जग्गाहरु रौतहट जिल्ला अदालतको मिति २०५८।०५।२९ गतेको अंशबण्डाको मिलापत्र बमोजिम राजिव रंजन यादवको अंशभागमा परी निजले हकभोग गरिरहेकोमा सो अप्रमाणित जग्गा प्रमाणित गरी राजिव रंजन यादवको नाममा दा.खा. गरिदिनको लागि सिफारिस भई आएकोमा उल्लेखित जग्गामा कोही कसैको हकदावी पुगने भएमा प्रमाण सहित म्यादभित्र यस कार्यालयमा निवेदन दिन आउनुभनी जग्गा प्रशासन कायरयबिधि २०६२ को भाग ३ परिच्छेद१ को दफा १.९.१ड बमेजिम यो ३५ दिने सार्वजनिक सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रकाशित भएको मितिले बाटोको म्यादबाहेक ३५दिनभित्र आफनो हकदाबीको प्रमाण साथ यस कार्यालयमा उपस्थित हुन आउतु होला अन्यथा मांग दाबी बमोजिम दा.खा.भै जाने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# कानुनभन्दा माथि मेयर

मधेश प्रदेशको एकमात्र वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंह कानुनभन्दा माथि छन् । राजनीतिक रुपमा उनी धेरै बलिया देखिएका छन् । जन्मदर्ता, नागरिकता, राहदानीसमेत किर्ते गरी बनाउने मेयर सिंहविरुद्ध सबै प्रमाणहरु संलग्न राखिएको उजुरी दर्ता भएको १ वर्ष भन्दा बढी भइसक्यो । मेयर सिंहले एकजना बालिकाको पिता भएर किर्ते गरी जन्मदर्ता, नागरिकता र पासपोर्ट समेत बनाइदिएका छन् । त्यसको सम्पूर्ण प्रमाणसहित जिल्ला प्रशासन कार्यालय, जिल्ला प्रहरी कार्यालय, गृह मन्त्रालयलगायतका सरोकारवाला कयौं निकायमा उजुरी परेको छ । गृह मन्त्रालयले अनुसन्धान पनि थालेको थियो । मेयर सिंहले गरेका किर्ते कार्यहरुको छानबिनका लागि समिति बनाइएको थियो । तर त्यो समितिले कसलाई कहिले के प्रतिवेदन बुझाए ? त्यो अझै सार्वजनिक भएको छैन । मेयर सिंहले गरेको किर्तेमा उनलाई गृहमन्त्री रहँदा रवि लामिछाने, नारायणकाजी श्रेष्ठले जोगाएका थिए । अहिले रमेश लेखक गृहमन्त्री रहेका छन् । तर पनि मेयर कारबाही नहुनेमा ढुक्क छन् । मेयर सिंहले गरेको किर्ते भन्दा वीरगञ्जमै कमजोर किर्ते गर्नेहरु कारबाहीमा परेका छन् । कयौं मानिसको नागरिकता रद्द भएको छ । कयौं कारबाहीको क्रममा तारेख लिइरहेका छन् । केहिले अदालतबाट राहत पाएका छन् । नागरिकताको प्रतिलिपि लिएको अभियोगमा देशका सबैभन्दा ठूलो सञ्चार गृह कान्तिपुरका मालिक कैलाश सिरोहियालाई पक्राउ गरिएको थियो । भुटानी शरणार्थी प्रकरण र मेयर राजेशमान सिंहको प्रकरण उस्तै छ । तर भुटानी शरणार्थी प्रकरणमा कांग्रेसका अत्यन्त प्रभावशाली नेता बालकृष्ण खाँड अदालतबाट धरौटीमा छुटेका छन् । टोपबहादुर रायमाझी जेलमै छन् । सहकारी ठगीमा निवर्तमान उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने हिरासतमा छन् । तर मेयर सिंह लुट मच्चाइरहेका छन् । नेपाली कांग्रेसका महामन्त्री गगन थापाले मेयर सिंहमाथि निश्चित रुपमा कारबाही हुने बताएका छन् । मेयर सिंहको किर्ते जालसाजी सम्बन्धी सम्पूर्ण प्रमाण लिएर पर्सा जिल्ला कांग्रेसका नेताहरु एक वर्ष बढी समयदेखि कारबाहीका लागि भौंतारिएका छन् । तर कांग्रेसकै गृहमन्त्री भएको बेला समेत मेयर सिंह कारबाहीको दायराभन्दा बाहिर छन् । आर्थिक प्रभाव, राजनीतिक पहुँच र अनुहारको आधारमा कानुनले काम गर्दा मेयर सिंह जस्ताले मनोमानी नै गर्छन् । कांग्रेसका महामन्त्री थापाले विगतमा पनि कारबाही हुने आश्वासन दिएका थिए । तर त्यो कार्यान्वयन नहुँदा फेरि कारबाहीको आश्वासन दिएर वीरगञ्जका कांग्रेसजनलाई सन्तुष्टि दिने प्रयास गरेका छन् ।

## विद्यापतिदिवस विशेष :

# विद्यापति र उनका समकालीनकविहरु



रोशन जनकपुरी

मैथिलीभाषाकामहाकविविद्यापतिको जन्म र मृत्युको निश्चिततिथिमितिबारे विद्वानहरु बीचमतैक्य छैन । तरपनिचौधौँ शताब्दीको मध्य (अनुमानित ईस्वी सन् १३५०)माजन्म र पन्द्रौं शताब्दीको मध्य (अनुमानित १४५०)मा मृत्यु भएको प्रतिप्रायः सबै सहमत देखिन्छन् । हुन त विद्यापतिलाई युगौं युगसम्म अमर गराउने कृतिउनकोपदावली (मैथिलीगीतहरुको संग्रह) हो , तर उनी संस्कृत, र अपभ्रशंकापनि निष्णात विद्वानथिए ।उनले अवहट्ट (तत्कालीन समाजमाप्रचलित मैथिलीप्रवृत्तिको अपभ्रंश)मा लेखेकाकीर्तिलता र कीर्तिपताकातथा संस्कृतमा लेखेकागोरक्ष विजय, पुरुष परिक्षालगायत अनेकौं कृतिहरुले उनको विद्वताको परिचय दिन्छ । सत्रौं शताब्दीमामिथिलामाभएका प्रसिद्ध कविलोचनले 'रागतरंगिणी'मा विद्यापतिको अवहट्टलाई 'मिथिलाअपभ्रंश'भनेका छन् ।

महाकविविद्यापतिको मृत्यु बारे उनलाई उद्धृत गर्दै एउटा कवित्त प्रसिद्ध छ : 'कार्तिक धवलत्रयोदशिजान, विद्यापतिकेर अवसान' ।यसै अनुसार उनको स्मृतिदिवस कार्तिक शुक्लत्रयोदशितिथिको दिनमनाउने गरिन्छ । यस वर्ष यो दिवस कार्तिक २८ गते पर्ने भएको छ ।

विद्यापतिको मैथिली र अवहट्टमा रचित कृतिहरुमातत्कालीन समाजमाप्रचलित सौरसैनी र मागधीधाराकाकयौँ भाषा र बोलीतथाफारसी र उर्दूकाशब्दहरु सहजरुपमाप्रयोग भएको पाइन्छ । विशेष गरेर उनकागीतिपदावलीमा यस्तो प्रयोगले नवीनता, सरस सौन्दर्य र समाजमाग्राह्यतालाई जीवन्तबनाएको छ । तर यसले अर्कोतिर उनको भाषिक परिचयमालामो समयसम्मविवादकायम रहेको देखिन्छ । उनलाई बंगालीभाषीहरुले ब्रजबुलीअर्थात बंगलाभाषाका रचनाकार रहेको विश्वास गरेकाथिए । त्यसरी नै उडिया र आसामीभाषीहरुले पनिविद्यापतिलाई आफ्नो दावीगर्ने गरेकाथिए ।

तर गहन अनुसन्धानपछि मैथिलीमात्रहोइन, अन्यभाषाकाविद्वानहरुको मतमापनिविद्यापतिको भाषा मैथिलीहोभन्नेकुरासिद्धभैसकेको छ । यसले विद्यापतिको गीतिपदावलीको व्यापकता र अपरिमितलोकग्राह्यता सिद्ध हुन्छ । यसैले होलाउन्नाइसौं शताब्दीमा प्रसिद्ध अनुसन्धाताजर्ज अब्राह्मग्रियर्सनले विद्यापतिलाई युगको सम्पूर्ण प्रतिनिधित्वगर्ने, साहित्यको इतिहासमाअतुलनीयकविभनेकाथिए । विद्यापतिको पदावलीमा संस्कृत, अपभ्रंश, ब्रजभाषा, नेपाली, बंगाली, ओडिया, असमियाशब्द, पद र अनेक कारक रुपहरु सँगसँगैभोजपुरी, मगहीआदिभाषाहरुकाशब्दहरुलाई सहजरुपमाप्रयोग भएको छ । 'निसि निसिअरे भम, भीमभुअंगम', 'प्रथमहिहाथपयोधर लागु', 'नअनकनीर चरन तर गेल' जस्ता अनेकौं पदावलीलाई उदाहरणको रुपमाप्रस्तुतगर्नसकिन्छ।यसैकारणउनलाईविविधभाषासाहित्यमाआफ्नो भनेर दावीगर्ने गरिएको हो । नेपालमागोपाल ठाकुर सदृश केहीभोजपुरीभाषाकाविद्वानहरुले विद्यापतिभोजपुरी भाषाको कवि रहेकोविवादअहिलेपनि सृजना गरेको देखिन्छ ।तर तथ्यहरु तथाविद्यापतिकापदावलीको भाषा र भावको प्रवृत्तिहरु माथीविचार गर्दा यो बालहठ मात्र देखिन्छ ।

प्रसिद्ध भाषाशास्त्रीतथा अनुसन्धाता डा. सुनीतिकुमार चटर्जी र डां दिनेश चन्द्रसेनको मतमाकयौँ बंगाली रचनाकार मैथिलीमा मुग्ध भएर त्यसमा रचनागर्न थाले । चटर्जी र चन्द्रसेन दुबैले विद्यापतिको भाषालाई मैथिली स्वीकार गरेका छन् । हिन्दीका प्रसिद्ध कविअयोध्यसिंह हरिऔंध र रामवृक्ष वेणीपुरीले विद्यापतिको प्रशंसा गर्दै उनलाई 'मैथिलकोकिल'को उपाधिदिएका छन् ।

> **प्रसिद्ध भाषाशास्त्रीतथा अनुसन्धाता डा. सुनीतिकुमार चटर्जी र डां दिनेश चन्द्रसेनको मतमाकयौँ बंगाली रचनाकार मैथिलीमा मुग्ध भएर त्यसमा रचनागर्न थाले । चटर्जी र चन्द्रसेन दुबैले विद्यापतिको भाषालाई मैथिली स्वीकार गरेका छन् ।**

निश्चय नै महाकविविद्यापतिको ओज व्यापक छ, र यसले विविधभाषा र सांस्कृतिक समुदायलाई प्रभावित गरेको छ । यसैकारण उनसंगको निकटता थुप्रैले महसुस गरे । गंगाको उत्तरी मैदानी क्षेत्र र चुरे श्रृंखलाभन्दा दक्षिणका मैथिली, भोजपुरी, बंगाली, ओडियाभाषी मात्रहोइन, चुरेको फेदीमा बस्ने थारु र दोनवार मात्रहोइन, निकै पर काठमाँडौ उपत्यकालगायत पहाडी क्षेत्रमा बस्ने नेवार समुदाय समेतमाविद्यापतिकागीतहरु मौलिक र पारम्परिक गीतको रुपमा गाइन्छन् ।

**विद्यापतिको बारेमाउनको अवहट्ट पंक्तिहरू प्रचलित छन् :**

*'बालचन्दविज्जावइभासा । दुहु नहिलग्गइदुज्जनहासा'*

(बालचन्द्रमा र विद्यापतिको भाषा, दुबै दुर्जनहरुको उपाहास भन्दा पर छ ।)

**त्यस्तै,**

*'सक्कअ वाणी बुहअनभावइ ।*
*पउअ रस को मम्म न पावइ ।*
*देसिलबअना सब जन मिट्ठा ।*
*तैं तैसन जम्पओ अवहट्टा ।'*

(संस्कृत भाषा बुद्धिमानहरुले मन पराउँछन् । प्राकृतको रसको मर्म पाउँदैनन । देसीभाषा सबैलाई मिठो लाग्छ, त्यसले यसप्रकार म अवहट्टमा लेख्छु (जप्छु) ।)

यसलाई आधार बनाएर केहीविद्वानहरुले विद्यापतिलाई यसरी प्रस्तुत गर्छन्, मानौ विद्यापतिको समयमाउनीबाहेक अवहट्ट र मैथिलीमा लेख्ने कोहीथिएनन्, र मैथिलीमा लेख्ने उनीएकजनामात्रथिए।तरत्यस्तोहोइन।त्यतिबेलामागधी,सौरसैनी, कौरबीलगायततत्कालीनप्रचलितप्राकृतकाविविध क्षेत्रीय रुपबाट विकसितअपभ्रंशमा लेख्ने चलन त विद्यापतिभन्दाकम्तीमा छौसय वर्ष पहिले नै शुरु भइसकेको थियो । यसै अपभ्रंश मध्य मागधीबाट विकसितअपभ्रंशको एउटा रुप विद्यापतिको अवहट्ट थियो ।

यससंगै मैथिलीको अर्को तथ्य के हो भने मिथिला क्षेत्रमातत्कालीनअपभ्रंशबाट समेत सम्बन्धविच्छेद गरेर मैथिलीले आफ्नो विशिष्टरुप ग्रहण गर्न थालेको पनिविद्यापतिभन्दा धेरै पहिले हो । यस्को बीजरुप त आठौं नवौं शताब्दीको सिद्धसन्तको भाषामा पाइन्छ । (यी सिद्धसन्तका अपभ्रंश भाषाहरुबाट नै मैथिली, भोजपुरी, मगहीआदिआधुनिकनवआर्यभाषाहरुको विकास भएको विद्वानहरुको मत छ ।) तत्कालीनविकसितप्राचीन मैथिलीको पूर्ण स्वरुपबाह्रौं शताब्दीको विनयश्रीको पदहरुमा पाइन्छ । राहुल सांकृत्यायनले विनयश्रीको भाषालाई प्राचीनपूर्वी मैथिलीभनेका छन् ।

तथापि यससंगै अर्को तथ्य के हो भने पुरोहितको भाषाअर्थात देवभाषाको रुपमा संस्कृत प्रतिष्ठित भएको हुनाले अपभ्रश, अवहट्ट र पाचीन मैथिलीलाई ब्राह्मणहरुले हेय दृष्टिले हेर्थे । तर आमजनसमुदायअर्थात् लोकजनको भाषाअपभ्रंश र मैथिलीलगायतकालोकभाषाकालोकगीतरगाथाहरुको लोकप्रियताको कारण कयौं संस्कृतकाविद्वानहरुले अपभ्रशमा रचनागर्थे । हुनपनि ईसाको पाँचौं शताब्दीदेखीचौंधौं पन्द्रौं शताब्दीलाई अपभ्रंश साहित्यको स्वर्णकाल नै भनिन्छ । विद्यापतिले अवहट्टलाई 'सबैको मीठो देसी भाषा'भन्नुको पछाडी अपभ्रंशको परम्परा र लोकजनबीचलोकप्रियहुनुको आकर्षण नै हो । त्यसैले विद्यापतिकालमाअवहट्ट र मैथिलीमा लेख्ने उनीमात्रै थिएभन्नु अत्युक्तिहुनेछ ।

सत्रौं शताब्दीकालोचनकवि रचित'रागतरंगिणी' तत्कालीन समयकागीतहरुको संग्रहहो । यस्मा विद्यापतिदेखीउनी (लोचनकवि)सम्मका उनन्तीसवटा कविको अन्ठानब्बेवटा गीतहरु संकलित छन् । विद्यापतिपहिलो नम्बरमा छन् भने लोचनकविउनन्तीसौं नम्बरमा छन् । यसमा काठमाँडौं उपत्यकाका राजाश्रीनिवास मल्ल र पूरनमल्ल समेतको नाम संकलित छ ।

यसमाविद्यापतिका समकालीन केहीकविहरुकानाम संकलित छ : विद्यापति, भवानीनाथ, अमृतकर, चन्द्रकला (देवी ; कतै कतै यिनलाई विद्यापतिको बुहारी भनिएको छ ।)केहीविद्वानहरुको मतमाभवानीनाथ सम्भवतःविद्यापतिभन्दाअग्रजथिएभने अमृतकर राजाशिवसिंहको दरबारमाउनको निकटका सभासद र कविथिए । विद्यापतितथामध्यकालीन मैथिली साहित्य सम्पदाका प्रसिद्ध अनुसन्धातातथा प्रसिद्ध कविचन्दाझाले अमृतकर (अमिअकर) को एउटा गीत संकलन गरेका छन् । यस गीतको भनितामाविद्यापतिझैं भनिएको छ : 'भनइअमिअकर सुनहमधुरपति राधाचरित अपारे ।

राजाशिवसिंह रुपनरायण सुकविभनथि कण्ठहारे ॥' चन्दाझाको समय उन्नाईसौं शताब्दीहो ।उनले अमृतकरलाई चौधौं शताब्दीमा कर्णाटवंशी अन्तिम राजा हरि सिंहदेवका सहायक सूर्यकरको पौत्र र राजाशिवसिंहको मन्त्रीभनेका छन् । (विद्यापतिपदावली, संकलियता : कवीश्वर चन्दाझा, सम्पादक : डा. विश्वेश्वर मिश्र, प्रकाशक : साहित्यिकी , मधुबनी, बिहार,भारत २०१४)

यीतथ्यहरुले के बुझिन्छ भने विद्यापतिकालमाअवहट्ट वा मैथिलीमा रचनागर्ने विद्यापतिमात्रै थिएनन् । अन्यहरु पनिथिए । यतिमात्रहो, साहित्य सृजनमाविद्यापतिले जुनजादू सृजना गरे र विविधजनसमुदायलाई आकर्षित गरे, त्यो जादू अन्यले उत्पन्न गराउन सकेनन् । आधुनिकयुगको मूल्यवत्ताको दृष्टिले विद्यापतिपदावलीप्रासंगिकनभएपनिपद्य सौष्ठवको दृष्टिले विद्यापति महत्वपूर्ण छन् ।

यद्यपि सातसयवर्ष बितिसक्दापनिमहाकविविद्यापतिकापदहरु जसरी लोकजीवनकाविविधआयाममागाइएका छन् र श्रृंगारिक आनन्द सृजनागरिरहेका छन्, त्यसले उनको सर्जनात्मक सामर्थ्य र जादूको बोधगराउँछ । महाकविको विद्यापतिको ऐतिहासिकमहत्व यस दृष्टिलेपनिउच्च छ कि, जतिबेलाकयौं भाषामा साहित्यको 'स'पनि शुरु भएको थिएन, मैथिलीमाविद्यापतिकालजयी सृजनागरिरहेकाथिए ।

# किन घट्दैछ राउटेको संख्या ?

टेकराज केसी



आफ्नो समुदायको संख्या लगातार घट्दै गएकामा राउटे मुखिया सूर्यनारायण शाही चिन्तित हुनुहुन्छ । "हाम्रा बाजेहरुको पालामा हामी छ/सात सयको संख्यामा थियौं, मुखिया शाहीले भन्नुभयो, "हामी मान्छे त गन्दैनौं, तर हाम्रो संख्या घटिरहेको छ, अहिले केटाकेटी पनि कम जन्मिन थाले ।"

पहिले स्थानीय वन जङ्गलमै उपलब्ध हुने तागतिलो खाना खाने गरिएको भन्दै अर्का सहायक मुखिया वीरबहादुर शाहीले अहिले खानपानको शैली पनि फेरिएको कारण प्रजनन क्षमतामा हस आउँदा पनि क्रमशः जनसंख्या कम हुँदै गएको हुनसक्ने उहाँको भनाइ छ । जनसंख्यामा कमी आएसँगै कर्णालीका विभिन्न जिल्लामा फिरन्ते जीवन बिताउँदै आएका राउटे समुदायको अस्तित्व सङ्कटमा पर्न सक्ने भन्दै राउटे समुदायका अगुवाहरुले चिन्ता व्यक्त गर्न थालेका हुन् ।

यो समुदायमा असोज २ गते २२ वर्षिय राउटे वृषबहादुर शाहीको मृत्यु भयो । वृषबहादुर शाहीको मृत्युसँगै राउटे समुदायको जनसंख्या अहिले एक सय ३५ जनामा सिमित छ । राष्ट्रिय मानवअधिकार आयोगले गरेको अध्ययन २०८१ को प्रतिवेदनले पनि राउटे समुदायको संख्या लगातार घट्दो क्रममा रहेको देखाउँछ । प्रतिवेदनमा २०७५ सालमा एक सय ४९ रहेको राउटेको जनसंख्या १५ माघ २०८१ सम्म आइपुग्दा घटेर एक सय ३५ मा झरेको छ ।

२०७५ सालमा एक सय ४९ रहेको राउटेको संख्या एक जनाले घटेर २०७६ मा एक सय ४८ भयो । २०७७ सालमा तीनजनाको मृत्युपछि एक सय ४५ मा झरेको यो समुदायको संख्या २०७८ मा आउँदा एक सय ४४ मा झ¥यो । २०७९ देखि २०८० सम्म घुमन्ते-फिरन्ते राउटेको जनसंख्या छ जनाले घटेर एक सय ३७ जनामा आयो । यो बर्ष मात्रै दुईजनाको मृत्युसँगै अहिले यो समुदायको संख्या एक सय ३५ मा सीमित हुन पुगेको छ ।

**किन घटिरहेको छ जनसंख्या ?**

राउटे समुदायको जनसंख्या लगातार घट्नुका विभिन्न कारणहरु रहेको विज्ञहरु बताउँछन् । उहाँहरुका अनुसार यो समुदायको जनसंख्या घट्नुको पछाडि सामाजिक मूल्यमान्यता प्रमुख कारण छ । राउटे समुदायको उत्थानका लागि काम गर्दै आएको गैरसरकारी संस्था सोसेक नेपालका कार्यकारी प्रमुख हीरासिंह थापा भन्नुहुन्छ, "राउटे समुदायमा कल्याल, रास्कोटी र सोवंशी गरी तीनवटा समुदाय छ, एउटै समुदायका केटा र केटीको विवाह नहुने सामाजिक परम्परा भएका कारण धेरै युवायुवती विवाह नगरेर बसेको अवस्था छ । अर्को परम्परा भनेको श्रीमान्को मृत्युपछि जतिसुकै उमेर समूहका महिला भए पनि एकल भएर बस्नुपर्ने बाध्यता छ" थापाले थप्नुभयो, "अहिले एकल महिला २३ जना छन्, तीमध्ये अधिकांश २० देखि ३० वर्ष उमेर समूहका छन् । उहाँहरुले अर्को विवाह गर्ने पाउँदैनन्, प्रजनन उमेरका महिलाहरु बच्चा जन्माउनै नपाएपछि कसरी संख्या बढ्छ ?"

थापाले राउटे समुदायमा युवाहरुको संख्याभन्दा ज्येष्ठ नागरिक र बालबालिकाको संख्या धेरै रहेको बताउनुहुन्छ । थापा भन्नुहुन्छ, ''राउटे समुदायको जनसंख्या घट्नुको अर्को कारण अत्याधिक मदिराको सेवन हो, मदिराको सेवनले गर्दा उनीहरु भिरबाट लडेर मृत्यु हुने समस्या बढ्दै गएको छ ।'' आयोगले दिएको प्रतिवेदनलाई आधार बनाएर तिनै तहका सरकारहरुले राउटे संरक्षणसम्बन्धी योजना बनाउनुपर्ने उहाँको सुझाव छ । आयोगले सिधै रकमको साटो आवास, खाद्यान्न र पोषण, लत्ताकपडा र शिक्षा उपलब्ध गराउने विधि प्रयोग गरी कार्यान्वयन गर्न जरुरी रहेको बताएको छ भने बाहिरी आधुनिक दुनियाले उनीहरुको सभ्यतामा हस्तक्षेप गरेको भन्दै नियन्त्रण गर्न आवश्यक रहेको निश्कर्ष निकालेको छ ।

थापाको भनाइप्रति वरिष्ट पत्रकार केशव ढकाल पनि सहमत हुनुहुन्छ । उहाँले पनि भत्ताको नाममा सिधै रकम दिँदा उनीहरु अत्याधिक मदिरा सेवनमा लागेको बताउनुहुन्छ । "भत्ताको सट्टा खाद्यान्न, लत्ताकपडालगायत उनीहरुलाई आवश्यक पर्ने वस्तु सरकारले दिनुपर्छ । रकम दिँदा उनीहरुले खर्च गर्ने अन्य कुनै ठाउँ नभएको हुँदा मदिरामा खर्च गर्छन्, त्यसो हुँदा उनीहरुको मृत्युको दर बढिरहेको छ । त्यसका साथै विभिन्न सहयोगको नाममा उनीहरुको अस्तित्व नै मेटाइँदैछ, उहाँले भन्नुभयो ।"

**प्रजनन क्षमता कमजोर बन्दै**

यो समुदायमा नयाँ जन्ममा लामो अन्तराल भएको पाइएको छ । जसमा साढे दुई वर्षको अवधिमा २०८० साउन र भदौमा जम्मा दुई शिशुको जन्म भयो । राउटे समुदायको पराम्पराका कारण पनि जन्मदर कम हुने गरेको भए पनि पछिल्लो समय उनीहरुको खानपान र रहनसहनका कारण समेत प्रजनन क्षमता कमजोर हुन थालेको चिकित्सकहरु बताउँछन् ।

राउटेको जीवनशैली फेरिँदै गएको छ । खानपानका कारण प्रजनन क्षमता कमजोर हुन थालेको कर्णाली प्रदेश अस्पताल सुर्खेतका तत्कालीन निर्देशक डा डम्बर खडका बताउनुहुन्छ । "पछिल्लो समय उनीहरुले अत्याधिक मदिराको प्रयोग गर्न थाले, त्यसो हुँदा उनीहरुको खानपान र जीवनशैली असन्तुलन हुँदै गएको छ, यसले स्वभाविक रुपमा प्रजनन क्षमतामा गिरावट ल्याउँछ ।" विगतमा स्वस्थ जीवनशैलीमा बाँचिरहेका राउटे समुदायहरु अहिले गुणस्तरहीन खानाको प्रयोग गर्ने तथा मदिराको सेवन बढ्दै जाँदा उनीहरुमा कलेजोसम्बन्धी समस्या बढ्दै गएको खड्का बताउनुहन्छ ।

आयोगको अध्ययनमा समेत राज्यको यथोचित ध्यानपुग्न नसक्नु, कमजोर जनस्वास्थ्य, कुपोषण, उपचारमा पहुँच नहुनु/नराख्नु, प्रजनन स्वास्थ्य अभाव, गुणस्तरहीन परम्परागत आवासमा बसोबास, मौसम अनुकूल लत्ताकपडा अभाव, स्वच्छ खानेपानी तथा सरसफाइको अभाव जस्ता कारणले राउटेको जनसंख्या ऋणात्मक बन्दै जान थालेको उल्लेख छ । आयोगका कर्णाली प्रदेश संयोजक मानबहादुर कार्की भन्नुहुन्छ, "उनीहरुको जीवन चलाउने भनेर सरकारले भत्ता दिने ग¥यो, उनीहरुको जीविका चलाउन सहज होस् भनेर सरकारले भत्ता त दियो । तर त्यो भत्ताको प्रयोग उनीहरुले आफ्नो खानपानभन्दा पनि मदिरासेवनमा प्रयोग गर्ने गरेको पाइयो । यसले गर्दा उनीहरुको मृत्यु धेरै भएको देखिन्छ ।"

उनीहरुको स्वास्थ्य अवस्था पनि बिग्रँदै गएको भन्दै तीनै तहका सरकारहरुले मुख्यगरी उनीहरुको संरक्षणका लागि नयाँ योजना बनाउनुपर्ने सुझाव कार्कीको छ । "उनीहरु स्वास्थ्य समस्या भइहाले उपचार गर्न नमान्ने, कडा खालको मदिराको सेवन गर्ने, पोषिलो खानाको कमीलगायतका कारणले मृत्युवरण गर्नुपर्ने यो समुदायको समस्या छ", कार्की भन्नुहुन्छ ।

राउटे समुदायका युवतीहरुको सोझोपनको फाइदा उठाउँदै उनीहरुमाथि पछिल्लो समय यौनजन्य अपराध हुनसक्ने जोखिम समेत बढेको बताइएको छ । केही वर्षअघि दुई राउटे युवतीमाथि यौन दुर्व्यवहार गरेको भन्दै सुर्खेत गुर्भाकोटका दुई युवाविरुद्ध जबर्जस्ती करणीको मुद्दा चलाइएको थियो । विभिन्न बहानामा राउटे बस्तीमा बाह्य व्यक्तिहरुको प्रवेशले यौनजन्य क्रियाकलापसँगै अन्य असुरक्षा बढाएको यो समुदायको अध्यन गरिरहेकाहरु बताउँछन् । विशेषगरी रुपैयाँ पैसाको प्रलोभन देखाउने, विभिन्न सहयोग गर्ने बहानामा राउटे समुदायको बस्तीमा प्रवेश गर्ने क्रम बढेकाले यसलाई व्यवस्थित गर्नुपर्ने सुझाव उनीहरुको छ ।

**राउटेको संरक्षणका लागि के छ सरकारी योजना ?**

दैलेखको गुराँस गाउँपालिकाले २०७५ सालमा पहिलोपटक राउटे समुदायलाई परिचयपत्र वितरण गरेको थियो । राउटेले पाउने सामाजिक सुरक्षा भत्ता यही गाउँपालिकाले वितरण गर्दै आएको छ । सहयोगको नाममा राउटे समुदायलाई दिइने सहयोगलाई एकद्वार प्रणालीबाट दिने गरी पालिकाले कार्यविधि समेत निर्माण गरेको छ ।

राउटे समुदायको संरक्षणको लागि गाउँपालिकाले मदिरा विक्री वितरणमा रोक लगाउने निर्णय गरेको गाउँपालिकाका प्रवक्ता एवं ८ नम्बरका वडाध्यक्ष दीपेन्द्र ओली बताउनुहुन्छ । "हामीले राउटे समेदायलाई आफ्नो पालिकाका नागरिकको रुपमा परिचयपत्र दिएका छौं, सामाजिक सुरक्षा भत्ता पनि पालिकाले नै उपलब्ध गराउँदै आएको छ । आफ्ना नागरिकको सुरक्षा र संरक्षणको जिम्मेवारी हाम्रै भएकाले पनि त्यहीअनुसार काम गरिरहेका छौं ।" सोसेक नेपालसँगको साझेदारीमा राउटे वस्तीमै प्राथमिक उपचार सेवा उपलब्ध गराउन स्वास्थ्यकर्मी खटाइएको ओली बताउनुहुन्छ । आयोगले दिएको प्रतिवेदनको आधारमा योजना बनाउने गरी कार्यपालिकामा छलफल भइरहेको उहाको भनाइ छ ।

# महिला सशक्तीकरणका क्षेत्रमा धेरै उपलब्धि भएपनि चुनौती अझै छन्: परराष्ट्रमन्त्री




काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपालमा लैङ्गिक समानता र महिला सशक्तीकरणका क्षेत्रमा गएका तीन दशकयता धेरै नै उपलब्धि भए पनि चुनौती पनि रहेको उल्लेख गर्नुभएको छ।

युएन वुमनद्वारा सोमबार राजधानीमा आयोजित बेइजिङ प्लस तीसको सिभिल सोसाइटी रिपोर्ट सार्वजनिक गर्दै मन्त्री डा राणाले ३० वर्षअघि बेइजिङमा सम्पन्न विश्वका नेताहरुको सम्मेलनपछि नेपालमा पनि महिला अधिकार, लैङ्गिक समानता तथा महिला सशक्तीकरणका क्षेत्रमा धेरै काम भएका बताउनुभएको हो।

सो कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले भन्नुभयो, "मलाई लाग्छ नेपालका महिलाहरुले अहिले प्राप्त गरेका संवैधानिक लगायतका अधिकारको बिजारोपण ३० वर्षअघिको बेइजिङ सम्मेलनमा भएको हो । सो चौथो विश्व महिला सम्मेलनले लैङ्गिक समानता, महिला सशक्तीकरण, महिलाविरुद्धका हिंसाको उन्मूलनलगायतका १२ ओटा क्षेत्रका प्रतिबद्धता अघि सारेको थियो।"

सो बेइजिङ सम्मेलनमा आफ्नो सक्रिय सहभागिता रहेको स्मरण गर्दै उहाँले त्यसयता नेपालका महिलाहरुले अघि बढाएको अभियानले देशमा महिलाका क्षेत्रमा धेरै काम भएका तथा प्रजनन् स्वास्थ्यदेखि धेरै अधिकारहरु महिलाले संवैधानिक रुपमै प्राप्त गरेको बताउनुभयो ।

सो सम्मेलनपछिका ३० वर्षमा महिला अधिकार र लैङ्गिक समानताका क्षेत्रमा उल्लेखनीय प्रगति भएपनि अझै धेरै काम गर्न भने बाँकी रहेको मन्त्री डा राणाको भनाई थियो । उहाँले भन्नुभयो, "महिला र यहाँका बालिकाहरूले आर्थिक सहभागिता, शिक्षा, स्वास्थ्य, रोजगारी, न्यायमा समान पहुँच आदि क्षेत्रमा अहिले पनि चुनौतीहरूको सामना गर्नु परिरहेको छ । यसबारेमा पनि सोच्नुपर्छ र तिनको समाधानका लागि सरकार र नागरिक समाज एकताबद्ध भइ अघि बढ्नुपर्छ।"

मन्त्री डा राणाले बालिकाहरूको विद्यालय भर्ना, श्रम बजारमा महिलाको सहभागिता, मातृ स्वास्थ्य, बालबिवाहमा न्यूनिकरण एवं सम्पत्तिमा महिला अधिकार आदि क्षेत्रका सूचकाङ्कमा नेपालले प्रगति गरेको उल्लेख गर्नुभयो ।

उहाँले हाम्रा नीतिहरू लैङ्गिक दृष्टिकोणलाई मूलप्रवाहीकरण गर्नुका साथै सीमान्तकृत समुदायका महिला, आदिवासी, दलित र अपाङ्गता भएकाप्रति केन्द्रित रहेको जानकारी दिनुभयो । मन्त्री डा राणाले संवैधानिक र कानुनी प्रत्याभूतिका कारण नेपालमा पनि राजनीतिमा महिला सहभागिता बढ्दै गएको स्पष्ट गर्दै तर पनि महिलामाथि हुने गरेका विभेद र डिजिटल युगमा बढ्दो भ्रमपूर्ण सूचनाले महिलालाई बढी तारो बनाउने गरेको आफूले पाएको धारणा राख्नुभयो।

आफ्नै उदाहरण प्रस्तुत गर्दै उहाँले भन्नुभयो, "बढ्दो डिजिटल युगसँगै गलत सूचनाहरुले महिलालाई बढी शिकार बनाएको मेरो अनुभव छ। जस्तो कि यहाँ मेरा बारेमा पनि कतिधेरै गलत सूचनाहरु सप्रेषण गरिएका थिए । विश्वका महिला नेतृहरुको पनि यस्तै अनुभव रहेछ । म हालै सहभागी भएको क्यानडा र संयुक्त राष्ट्रसङ्घीय महासभामा विश्वका महिला नेतृहरुले पनि यो अनुभव सेयर गर्नुभएको थियो।"

उहाँले यी सबैखाले चुनौतीविरुद्धमा लडेरै अघि बढ्नुपर्ने भनाइ राख्नुभयो । उहाँले भन्नुभयो, "महिला सशक्तीकरणका लागि हामीले बाटो बनाएका छौँ । हामीले दिशा पनि निर्धारण गरेका छौँ। हामीले कामका लागि गति सिर्जना गरेका छौँ । तर पनि कहिलेकाहीँ यो बाटोबाट पछाडि धकेल्ने प्रयासहरू हुने भएकाले प्राप्त गरेका उपलब्धिहरूको रक्षागर्दै थप उपलब्धिका लागि अझ अघि बढ्दै जानुपर्छ।" सबै खाले चुनौतीहरुको पहिचान गरी कति बर्षमा के कसरी समाधान गर्ने भन्ने स्पष्ट खाका एवं कार्ययोजना नै बनाएर अघि बढ्नुपर्ने उहाँको धारणा थियो ।रासस

# नेपाल र भारतको सम्बन्ध बहुआयामिक छ : मन्त्री गुरुङ

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधि मन्त्री पृथ्वी सुब्बा गुरुङले नेपाल-भारतको सम्बन्ध भौगोलिकसँगै सांस्कृतिक, सामाजिक, शैक्षिकलगायत बहुआयामका रुपमा प्रगाढ रहँदै आएको बताउनुभएको छ ।


बागबजारस्थित काठमाडौँ मोडेल कलेजमा सोमबार भएको 'भारत-नेपाल फ्रेन्डसीप समिट २०२४: ग्लोबलाइजेशन एन्ड सोसियो-इकोनोमिक डेभलोपमेन्ट' कार्यक्रममा मन्त्री गुरुङले नेपाल र भारतको शैक्षिक सम्बन्ध बलियो हुनसके दुवै देशबिचको ज्ञान सीप तथा कला कौशल आदानप्रदानमा सहज हुने बताउनुभयो ।

"दिगो विकासका लागि दुवै मुलुक सहकार्य गरेर अघि बढ्दै आएका छौँ", मन्त्री गुरुङले भन्नुभयो । समिटले बौद्धिक र शैक्षिक बसह सिर्जना गर्ने तथा कुशल शैक्षिक नेतृत्व निर्माण गर्न सघाउ पुग्ने उहाँले धारणा राख्नुभयो । कार्यक्रममा मन्त्री गुरुङले हौसलास्वरुप विभिन्न शैक्षिक विधाका अब्बल व्यक्तित्वलाई पुरस्कार प्रदान गर्नुभएको थियो ।

ग्लोबल लिडर्स फाउन्डेशनको प्रमुख आयोजना र काठमाडौँ मोडेल कलेजको सह-आयोजनामा उक्त समिट सम्पन्न भएको हो ।

फाउन्डेशनका प्रिन्सिपल रमेश त्रिपाठीले शैक्षिक क्षेत्रमा बहस गर्न समिट आयोजना गरिएको बताउनुभयो ।रासस

# फ्लाई ओभर निर्माणमा ढिलासुस्ती नगर्न मन्त्री दाहालको निर्देशन



काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले ललितपुरको ग्वार्कोमा निर्माणाधीन फ्लाई ओभरको सोमबार स्थलगत निरीक्षण गर्नुभएको छ। मन्त्रालयका उच्च अधिकारीसहित उहाँ निर्माणस्थलमा पुग्नुभएको हो ।

निरीक्षण पश्चात् मन्त्री दाहालले फ्लाई ओभर निर्माणको कामलाई गति दिन निर्देशन दिनुभयो । त्यस क्रममा उहाँले पूर्वाधार तथा विकास आयोजना निर्माण कार्यमा हुने ढिलासुस्ती सह्य नहुने बताउनुभयो।

काठमाडौँको सहरी तथा यातायात व्यवस्थापन गर्न महत्वपूर्ण हुने अपेक्षा राखिएको उक्त फ्लाई ओभर निर्माणको कार्यलाई गति दिएर समयमै सक्न मन्त्री दाहाले निर्देशन दिनुभयो । निरीक्षण टोलीमा मन्त्री दाहालसहित मन्त्रालयका सचिव केशवकुमार शर्मा, सडक विभागका महानिर्देशक रामहरि पोखरेललगायत रहनुभएको थियो ।

विसं २०७८ फागुन १२ गतेदेखि निर्माण सुरु भएको उक्त फ्लाई ओभर आगामी पुस पहिलो हप्तासम्म निर्माण सम्पन्न गर्नुपर्ने छ ।

तीस मिटर स्पानको चार लेनको सो पुलसहितको फ्लाई ओभर निर्माणको काम आशिष-समानान्तर-रेलिगेर जेभी काठमाडौँले गरिरहेको छ ।रासस

# 'डेडिकेटेड' र 'ट्रङ्कलाइन' विद्युत् महसुल बक्यौता पन्ध्र दिनभित्र उठाउने सरकारको निर्णय




काठमाण्डु । लामो समयदेखि विवादमा रहेको 'डेडिकेटेड' र 'ट्रङ्कलाइन' विद्युत् महशुल बक्यौता 'टाइम अफ डे' (टिओडी) मिटरका आधारमा उठाउने निर्णय सरकारले गरेको छ ।

सोमबार मन्त्रिपरिषद्को हिजोको निर्णय सार्वजनिक गर्नुहुँदै सरकारका प्रवक्ता एवं सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले १५ दिनभित्र विद्युत् महसुल बक्यौता उठाउने र बक्यौता नतिरेका उद्योगका काटिएको बिजुली २४ घण्टाभित्र जोड्ने निर्णय भएको बताउनुभयो ।

"डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरूले खपत गरेको विद्युत्को बक्यौता रकम (टिओडी मिटरसमेतको आधारमा) महसुल निर्धारण तथा असुलीसम्बन्धी तत्काल प्रचलित कानुनबमोजिम गणना गरी पन्ध्र दिनभित्र असुलउपर ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले गर्ने गराउने निर्णय भएको छ", सञ्चारमन्त्री गुरुङले भन्नुभयो, "डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरूको विद्युत् महसुलसम्बन्धी विवादका कारण विद्युत् आपूर्ति बन्द हुँदा उत्पादन घट्न गएको, उद्योगमा कार्यरत श्रमिकहरूको रोजगारीमा प्रत्यक्ष असर परेको एवं समग्र अर्थतन्त्रमा प्रभाव परेको हुँदा यसरी विद्युत् आपूर्ति बन्द गरिएका उद्योगहरूमा २४ घण्टाभित्र विद्युत् लाइन जडान गर्ने व्यवस्था मन्त्रालयले मिलाउनुपर्नेछ।"

मन्त्रिपरिषद्को २०८० साल पुस २४ को निर्णयअनुसार सर्वोच्च अदालतका पूर्वन्यायाधीश गिरिशचन्द्र लालको संयोजकत्वमा डेडिकेटेड फिडर तथा ट्रङ्कलाइनबाट विद्युत् उपभोग गर्ने ग्राहकहरूको विद्युत् महसुलसम्बन्धी विवाद समाधानका लागि गठित जाँचबुझ आयोगले २०८१ साल वैशाख २३ मा पेस गरेको प्रतिवेदन सार्वजनिक गर्न ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयलाई स्वीकृति प्रदान गर्ने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ।


कृषि विकासका लागि अन्तर ाष्ट्रिय कोष (आइएफएडी) मा नेपाल सरकारका तर्फबाट अमेरिकी डलर ७५ हजार योगदान भुक्तानी गर्न स्वीकृति प्रदान गर्ने निर्णय पनि मन्त्रिपरिषद्ले गरेको छ ।त्यस्तै, स्वास्थ्य बीमा बोर्डका अध्यक्ष डा गुणराज लोहनीको राजीनामा स्वीकृत भएको गुरुङले जानकारी दिनुभयो ।अछाम जिल्लाको साँफेबगर नगरपालिका-६ मा पर्ने साबिक माष्टमाण्डौं गाविस-१ मा जग्गाएकीकरणआयोजनासञ्चालन गर्न स्वीकृति दिने निर्णयसमेत मन्त्रिपरिषद्ले गरेको छ।

मन्त्रिपरिषद्को बैठकले भन्सार महसुल नियमावली, २०८१ र राहदानी (दोस्रो संशोधन) नियमावली, २०८१ स्वीकृत गर्ने निर्णयसमेत गरेको छ। यही कात्तिक २६ देखि २८ गतेसम्म चीनको सिचुवान प्रान्तको छेन्दुमा आयोजना हुने 'सिचुआन अन्तर्राष्ट्रिय सहर सहयोग र विकास सम्मेलन-२०२४' मा सहभागी हुन लुम्बिनी प्रदेशका मुख्यमन्त्री र प्रमुख सचिवलाई स्वीकृति दिने निर्णय मन्त्रिपरिषद्ले गरेको छ।

नेपाल सरकार र स्विडेन सरकारबीच सहकारीका क्षेत्रमा हुने द्विपक्षीय सम्झौता स्वीकृत गर्ने र उक्त सम्झौतामा नेपालका तर्फबाट समकक्षी मिलाई हस्ताक्षर गर्न वन तथा वातावरण मन्त्रालयलाई अख्तियारी प्रदान गर्ने निर्णय मन्त्रिपरिषद्ले गरेको छ ।रासस

# सिकलसेलको औषधि ल्याएर वितरण गर्ने प्रधानमन्त्रीको घोषणा

धरान । प्रधानमन्त्री केपी शर्मा ओलीले छिमेकी मुलुक भारतमा उत्पादन र परीक्षण भएको सिकलसेलको औषधि ल्याएर नेपालका बिरामीलाई वितरण गर्ने बताउनुभएको छ। नेपालमा थारू समुदायमा यो रोग



बढी देखिने गरेको छ।

बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानको १३औँ दीक्षान्त समारोहमा प्रधानमन्त्री ओलीले इमानदार र लगनशील भएर काम गरेमा सफलता प्राप्त हुने भएकाले उत्पादित नयाँ चिकित्सकहरुलाई सिकलसेलको औषधि वितरण गर्न तयार हुनुपर्ने बताउनुभयो। नेपालको यही धर्तीबाट ऋषि चरकले स्वास्थ विज्ञानको थालनी गरेको सन्दर्भ उल्लेख गर्दै उहाँले सकभर निरोगी हुने र बिरामी भए सुलभ रूपमा उपचार पद्धतिका लागि सरकारले ध्यान दिएको बताउनुभयो।

प्रधानमन्त्री ओलीले नेपालका स्वास्थ संस्थामा चिकित्सक विद्यार्थीको कोटा थप्न, यस क्षेत्रलाई प्रभावकारी र सुशासनयुक्त बनाउन सरकार प्रतिबद्ध रहेको स्पष्ट गर्नुभयो। समारोहमा स्नातक तहका ६ सय ५७ विद्यार्थी दीक्षित भएका छन् ।रासस

# उपनिर्वाचनका लागि माओवादी केन्द्रद्वारा उम्मेदवारको नाम अनुमोदन




काठमाण्डु । प्रमुख प्रतिपक्षी दल नेकपा (माओवादी केन्द्र)ले स्थानीय तहका रिक्त स्थानमा हुन लागेको उपनिर्वाचनका लागि तल्ला समितिबाट सिफारिस भई आएका उम्मेदवारको नाम अनुमोदन गरेको छ।

पार्टी अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'को निवास खुमलटारमा सोमबार बसेको केन्द्रीय कार्यालयको बैठकले स्थानीय तहको निर्वाचनमा पार्टीका उम्मेदवारलाई विजयी गराउन पार्टी पङ्क्ति र जनसमुदायलाई आग्रह गरेको छ। आगामी मङ्सिर १६ गते स्थानीय तहका विभिन्न ४४ स्थानमा उपनिर्वाचन हुन लागेको छ । निर्वाचनमा पार्टीका तर्फबाट तय भएका उम्मेदवारलाई विजयी गराउने योजनासमेत तय भएको पार्टी उपाध्यक्ष एवं प्रवक्ता अग्निप्रसाद सापकोटाले जानकारी दिनुभयो।

त्यस्तै, बैठकले आगामी मङ्सिर मसान्तसम्ममा पालिका सम्मेलन सम्पन्न गर्ने र खबरदार ीसभा गर्ने निर्णय बैठकले गरेको छ । जनपरिचालनसहित गरिने खबरदारीसभाले सुशासनको पक्षमा दबाव दिने प्रवक्ता सापकोटाको भनाइ थियो।

यसैगरी आगामी पुस २ गतेका लागि पार्टीको केन्द्रीय समितिको बैठक बस्ने गरी आवश्यक तयारी गरिएको उहाँले बताउनुभयो।

अग्रगमन र परिवर्तनको पक्षमा संविधान संशोधन हुनुपर्नेमा प्रवक्ता सापकोटाले जोड दिनुभयो।

उहाँले संविधान संशोधन गरेर प्रत्यक्ष निर्वाचित राष्ट्रपति र पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्नेमा पार्टीले जोड दिएको स्पष्ट पार्नुभयो । जनताबाट निर्वाचित भएर आउने सांसदहरु नीति निर्माणमा केन्द्रीत हुने र विषय विज्ञलाई मन्त्री बनाए मात्रै जनताले अपेक्षा गरे अनुसारको विकास र आर्थिक समृद्धि हुने माओवादी केन्द्रको ठहर छ। रासस

# विश्वको मुख्य समस्या नै जलवायु परिवर्तन: राष्ट्रपति पौडेल



बाकु । राष्ट्रपति रामचन्द्र पौडेल अजरबैजानको बाकुमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरुको २९औँ सम्मेलन (कोप-२९) मा भाग लिन सोमबार आइपुग्नुभएको छ । उहाँलाई यहास्थित हैदर अलियभ अन्तर्राष्ट्रिय विमानस्थलमा अजरबैजानका न्याय मन्त्री फारिद तरुव अहमदोभले स्वागत गर्नुभएको थियो ।

भेटका क्रममा राष्ट्रपति पौडेलले अहिलेको विश्वको समस्या नै जलवायु परिवर्तन भएको बताउनुभयो । उहाँले यस सम्मेलनले विकसित देशलाई कार्बन उत्सर्जन कम गर्न र जलवायु कोषमा प्रतिबद्धताअनुसारको रकम लगानी गर्न तथा कार्बन उत्सर्जनमा न्यून योगदान गरेर पनि मारमा परेका विकासशील देशका लागि लगानी गर्न प्रेरित गर्नुपर्नेमा जोड दिनुभएको उहाँका प्रेस सल्लाहाकार किरण पोखरेलले जानकारी दिनुभयो।

उहाँका अनुसार न्यायमन्त्री अहमदोभले यस सम्मेलनको मुख्य विषय नै जलवायु परिवर्तनसम्बन्धी मुद्दा भएको उल्लेख गर्दै विकाशसील देशमाथि न्याय गरिनुपर्ने आवश्यकता औँल्याउनुभएको थियो। न्यायमन्त्री अहमदोभले अजरबैजानमा नेपालका जस्ता पहाड नभए पनि यहाँका हिमाल पग्लिएर पानीको स्रोत सुक्न थालेको बताउनुभएको थियो।

सोमबारदेखि सुरु भएको जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय संरचना महासन्धि पक्ष राष्ट्रहरुको २९औँ सम्मेलन (कोप-२९) मा उच्चस्तरीय नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै राष्ट्रपति पौडेल कतारको दोहा हुँदै यहाँ आइपुग्नुभएको हो ।सो भ्रमण दलमा प्रथम महिला सबिता पौडेल, वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही, राष्ट्रपतिका विज्ञ तथा सल्लाहकारसहित नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरुको सहभागिता छ।

कोप-२९ अन्तर्गतको सम्मेलनमा राष्ट्रपति पौडेलले उच्चस्तरीय सत्रको 'विश्व नेताहरू जलवायु कार्य शिखर सम्मेलन'लाई सम्बोधन गर्ने कार्यक्रम छ । सम्मेलनका क्रममा नेपालले आफ्ना एजेण्डामाथि विश्वको ध्यानाकर्षण गराउन यही कात्तिक २८ गते राष्ट्रपति पौडेलको नेतृत्वमा बेग्लै उच्चस्तरीय सत्र सञ्चालन हुनेछ ।रासस



## धितो लिलामी गर्ने बारे ३५ दिने अत्यन्त जरुरी सूचना

(प्रकाशित मितिः– २०८१/०७/२७ गते)

तपशिलमा उल्लेखित ऋणी सदस्यले यस रोयल बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालय जनकपुरबाट उपभोग गरेको कर्जाको साँवा, ब्याज र हर्जाना रकम तिर्न बुझाउनु पर्नेमा नबुझाई कर्जा सम्बन्धी शर्त तथा बन्देजहरु उलंघन गरेकोले सो सम्बन्धमा मौखिक तथा लिखित सूचना र पत्रद्वारा ताकेता गर्दा साथै मिति २०८१/०६/०६ गते जनकपुर टुडे दैनिक पत्रिकामा कर्जा चुक्ता गर्ने बारे ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत संस्थालाई बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज, हर्जाना तथा अन्य दै दस्तुरको रकम समेत चुक्ता भुक्तानी नगरी बाँकी रहेको हुनाले संस्थालाई ऋण सुरक्षण वापत लेखाई दिएको तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पती लिलाम विक्रि गरी संस्थाको सम्पूर्ण लेना रकम असुलउपर गरी लिनका लागि यो धितो लिलाम विक्री सम्बन्धी ३५ दिने सूचना प्रकाशित गरिएको छ । अतः उल्लेखित म्यादभित्र तपशिलमा उल्लेखित धितो सुरक्षण सम्पत्ति लिलाम बिक्रीमा सहभागी हुन र बोलपत्र खरिद गरी लिन इच्छुक संघ/संस्था, फर्म, कम्पनी तथा सर्वसाधारण महानुभावहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिनभित्र आफुले कबोल गरेको रकम सहितको गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन अनुरोध गर्दछौ । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पत्ती कसैले नस्वीकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा संस्था तथा वितिय सहकारी ऐन २०७४ तथा प्रचलित कानुन बमोजिम धितो सुरक्षण सम्पत्ति यस संस्था आफैले सकार गरी लिने व्यहोरा समेत सम्बधित सवैलाई जानकारी गराईन्छ। धितो लेखि दिएको सम्पत्ति लिलाम विक्री गर्दा वा संस्था आफैले सकार गर्दा साबिकमा संस्थाबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा विक्री भयो वा मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मुल्यमा बिक्री भयो वा संस्था आफैले सकार गरी लियो भनी कही कतै उजुर वाजुर गर्न पाउने छैन। साथै सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम विक्रीबाट पनि यस संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा सम्बन्धित ऋणी सदस्य तथा जमानीकर्ताहरुको अन्य चल अचल जायजेथा सम्पत्तिबाट समेत असुल उपर गरी लिने ऋणी तथा जमानिकर्तालाई संस्थाको ऐन बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा सुचित गराईन्छ।

**ऋणीको नामः कारो देवी**
**ठेगानाः बफै–०७**

**ऋणी तथा जमानिकर्ता विवरण**

| | | |
|---|---|---|
| १. नामः कारो देवी (ऋणी)<br>श्रीमानः रामलखन दास तत्मा<br>सासुराः सिताई दास तत्मा<br>ना. प्र. नंः ०८०८०७६६<br>ठेगानाः बफै-०७  | ५. नामः रामलखन दास तत्मा (जमानीकर्ता)<br>बुवाः सिताई दास तत्मा<br>बाजेः आनन्द दास<br>ना.प्र.नं.ः १७०८०८०७६५<br>ठेगानाः पचहर्वा-०७  | ६.नामः विवेकाआनन्द दास (जमानीकर्ता)<br>बावुः रामलखन दास तत्मा<br>बाजेः सिताई दास तत्मा<br>ना.प्र.नंः १७१०३९/१६२<br>ठेगानाः बफै-०७  |

धितो सुरक्षण राखिएको सम्पत्ति र सुरक्षणधनीको विवरण
१. श्री सिताई दास तत्माको बुहारी श्री रामलखन दास तत्माको श्रीमती कारो देवी धनुषा जिल्ला गा.वि.स. न.पा. बफै वार्ड नं.०९ किता नं. ६९६ को क्षेत्रफल ०-४-१३-० जग्गा।

**धितो लिलाम बिक्रीको शर्त तथा बन्देजहरुः**

१) बोलपत्र फारम यस संस्थाको कार्यालय जनकपुरधाम भानुचौक बाट रु ५००।- (अक्षेरुपी पाँच सय) फिर्ता नहुने गरी खरिद गर्न सकिने छ।
२) बोलपत्र फाराममा आफुले बोलकवोल गरेको रकम अंक अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफुले लिन चाहेको अचल सम्पत्तिको विवरण यस संस्थाबाट प्रकाशित सूचनाको आधारमा नै भर्नु पर्नेछ। उल्लेखित अचल सम्पत्तिको स्पष्ट विवरण उल्लेख गरी सो को मूल्य अंक र अक्षरमा भर्नुपर्नेछ। अंक र अक्षरमा रकम फरक पर्ने भएमा अक्षरमा उल्लेखितलाई मान्यता दिइने छ।
३) बोलपत्रमा आफुले कबोल गरेको अंकको कम्तीमा १० प्रतिशतले हुन आउने रकम यस रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेडको नाममा Citizen Bank International LTD मा रहेको खाता नं. ०३१०१०००००४९४२०१ मा जम्मा गरेको सक्कल भौचर साथ बोलपत्र साथ पेश गर्नुपर्ने छ।
४) लिलाम बिक्री हुने धितो सुरक्षण निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै जनकपुर भानुचौक कार्यालय समय भित्र सम्पर्क राखी जे जस्ता अवस्थामा छ सोही अवस्थामा निरिक्षण गर्न सकिने छ। साथै सोही अवस्था तथा परिमाण स्वीकार गरी लिनु पर्नेछ।
५) बोलपत्र स्वीकृत भएको सूचना पाएको ३५ दिनभित्र सम्पूर्ण रकम बुझाई अचल सम्पत्ति आफनो नाउँमा नामसारी गरी लिनु पर्नेछ। सो म्यादभित्र बाँकी रकम नवुझाएमा धरौटी रकम स्वत जफत हुने छ। रजिष्ट्रेशन गर्ने अड्डामा लाग्ने सरकारी दस्तुर, पूजिगत लाभकर लगायत अन्य सम्पूर्ण दै दस्तुर घर/जग्गा खरिदकर्ताले व्यहोर्नु पर्ने छ।
६) बोलपत्र दाखिला भै सकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तहरुमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागे सम्म समान्यतया धरौटी रकम फिर्ता दिइने छैन।
७) रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वत रद्द हुनेछ।
८) बोलपत्र स्वीकृत वा अस्वीकार गर्न र लिलाम सम्बन्धि सम्पूर्ण निर्णय गर्ने अधिकार संस्थामा निहीत रहने छ।
९) बोलपत्र सदर वदर हुन अगावै ऋणीले सम्पूर्ण रकम बुझएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिने छ। धरौटी स्वरुप राखेको रकममा ब्याज दावी गर्न पाईने छैन।
१०) लिलाम सूचना प्रकाशित मितिले ३५ दिन भित्र बोलपत्र पेश गर्न सकिनेछ। उक्त दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय समय भित्र पेश गर्न सकिने छ। लिलाम सूचना प्रकाशित मितिले ३६ औं दिनको ३:०० बजे संस्थाको कार्यालय जनकपुरधाम भानुचौकमा बोलपत्र खोलिने छ। यदि ३६ औं दिनमा सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिनमा उल्लेखित समयमा बोलपत्र खोलिने छ। ३५ दिन सम्म ऋणी वा धितोवालाले संस्थाको ऋण चुक्ता बुझाई धितो फुकुवा लैजान सक्ने छ।
११) प्राप्त भएका बोलपत्रहरु बोलपत्र पेश गर्न व्यक्ति वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ। यदि बोलपत्र पेश गर्न व्यक्ति वा निजको प्रतिनिधि बोलपत्र खोल्न समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा परेको मानिने छैन।
१२) बोलपत्र सम्वन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख भए वमोजिम हुनेछ।

**रोयल बचत तथा ऋण सहकारी संस्था लिमिटेड**
जनकपुरधाम–०२, भानुचौक
फोन नं. ०४१–५९०२०२

# युक्रेन र रुसद्वारा एकअर्कामाथि अहिलेसम्मकै भीषण ड्रोन हमला

बीबीसी

काठमाण्डु । रुस र युक्रेनले युद्ध सुरु भएयता एकअर्काविरुद्ध सबैभन्दा भीषण ड्रोन हमला गरेका छन्।रुसको रक्षा मन्त्रालयले आफूले विभिन्न छ स्थानबाट ८४ वटा युक्रेनी ड्रोनलाई निष्क्रिय तुल्याएको जनाएको छ।

तीमध्ये कतिपय मस्कोतर्फ आइरहेका थिए र ती ड्रोनका कारण राजधानीका तीनवटा प्रमुख विमानस्थलबाट उडानहरू अन्यत्र मोड्नुपरेको थियो। युक्रेनको वायुसेनाका अनुसार रुसले शनिवार राति १४५ वटा ड्रोन आफ्नो देशका विभिन्न ठाउँमा पठाएको र तीमध्ये अधिकांशलाई खसालिएको थियो। अमेरिकामा राष्ट्रपति निर्वाचित डोनल्ड ट्रम्पले दुवै पक्षलाई द्वन्द्व अन्त्य गर्न दबाव दिन सक्ने अपेक्षा गरिएकै बेला यी आक्रमणहरू भएका हुन्।



**रुस र युक्रेनमा कहाँकहाँ भयो ड्रोन हमला**

मस्कोमा हमला गर्ने युक्रेनको प्रयासलाई युद्ध सुरु भएयताकै उसको सबैभन्दा ठूलो आक्रमण भनिएको छ। एक क्षेत्रीय गभर्नरले त्यसलाई "भीषण" भनेका छन्। अधिकारीहरूले अधिकांश ड्रोनहरू रामनस्कोय, कोलोम्ना र डेमडियाडोभा डिस्ट्रिक्टमा खसालिएको जनाएका छन्।मस्कोबाट दक्षिणपश्चिममा पर्ने रामनस्कोयमा ड्रोनलाई खसाल्दा त्यसका भग्नावशेषबाट पाँच जना घाइते भएका र चारवटा घरमा आगलागी भएको रुसी रक्षा मन्त्रालयले जनाएको छ। उक्त नगरबाट ३४ वटा ड्रोन खसालिएको उसको भनाइ छ।

गएको सेप्टेम्बरमा रामनस्कोयमा गरिएको एउटा ड्रोन हमलामा एक महिला घाइते भएकी थिइन्। गएको वर्षको मे महिनामा दुईवटा ड्रोनलाई मध्यमस्कोको क्रेम्लिननजिकै ध्वस्त पारिएको थियो भने मस्को सिटी बिज्नेस डिस्ट्रिक्टमा कैयौँ हमलाहरू भएका थिए। युक्रेनको ओडेसा क्षेत्रमा ड्रोन प्रहारबाट कम्तीमा दुई जना घाइते भएका थिए। तस्बिरहरूमा केही भवनमा आगोका लप्का र त्यसपछिको क्षति देख्न सकिन्छ।युक्रेनी वायुसेनाले इरानमा निर्माण भएका ६२ वटा रुसी ड्रोन खसालिदिएको र ६७ वटा "हराएका" जनाएको छ। थप १० वटा युक्रेनी हवाई क्षेत्र छाडेर रुसतर्फ नै फर्किएका थिए र केही छिमेकी बेलारुस र मोल्डोभातर्फ गएका थिए।

**ट्रम्पको नीतिमाथि सबैको चासो**

एएफपी समाचारसंस्थाले 'इन्स्टिट्यूट फर द स्टडी अफ वार'को तथ्याङ्कलाई विश्लेषण गर्दा ड्रोनहरूको यस्तो भीषण आक्रमण सन् २०२२ मार्च यता गत महिना रुसी सेनाले सबैभन्दा ठूलो भौगोलिक उपलब्धि हात पारेपछि भएको हो।तर यूकेका चीफ अफ डिफेन्स स्टाफ टोनी राडाकिनले बीबीसीको 'सन्डे विथ लोरा कुन्सबर्ग' कार्यक्रममा बोल्दै युद्ध सुरु भएयता रुसले सबैभन्दा खराब क्षति भोग्नुपरेको बताए।

उनका अनुसार रुसी फौजले अक्टोबरमा औसतमा १,५०० जना गुमाएको थियो भने दिनहुँजसो सैनिकहरू घाइते पनि भएका थिए। अमेरिकी राष्ट्रपति निर्वाचनमा आफ्नो जितपछि डोनल्ड ट्रम्पले रुस-युक्रेन युद्धबारे कसरी प्रस्तुत हुन्छन् भन्नेमा व्यापक चासो पाइन्छ।डोनल्ड ट्रम्पको चुनावी अभियान टोलीले निर्वाचनमा निश्चित जित हासिल गरेको दुई दिनपछि ट्रम्प र रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग टेलिफोन कुराकानीगरेकाविवरणबारेप्रतिक्रिया नदिने बताएको छ।

वाशिङ्टन पोस्टका अनुसार ट्रम्पले रुसी नेतालाई युक्रेनमा द्वन्द्व नचर्काउन चेतावनी दिएका थिए र उनलाई युरोपमा अमेरिकाको उल्लेख्य सैन्य उपस्थिति रहेको सम्झाएका थिए। आफ्नो चुनावी अभियानमा राष्ट्रपति निर्वाचितले नियमित रूपमा आफूले "एकैदिनमा" युद्ध अन्त्य गर्न सक्ने बताएका थिए। तर उनले कसरी त्यसो गर्छन् भन्नेबारे केही खुलाएका छैनन्। यसैबीच राष्ट्रपति जो बाइडनका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले ट्रम्पलाई युक्रेनलाई परित्याग नगर्न अनुरोध गरेका छन्। उनले बहिर्गमन हुन लागेको प्रशासनले किएभका लागि छुट्याइएको छ अर्ब डलर खर्च गर्ने पनि जनाएका छन्। ट्रम्पका एक पूर्वसल्लाहकार ब्र्यान लान्जाले बीबीसीसँग नयाँ प्रशासनले युक्रेनलाई रुसबाट आफ्नो भूभाग फिर्ता लिन सहयोग गर्नुको सट्टा शान्ति हासिल गर्नमा जोड दिने बताएका छन्।

यद्यपि ट्रम्पले त्यसबारे टिप्पणी गरेका छैनन्। उनका एक सहयोगीले लान्जा ट्रम्पको नभएको बताए।

क्रेम्लिनका प्रवक्ता दिमित्रि पेस्कोभले अमेरिकाको नयाँ प्रशासनबाट "सकारात्मक सङ्केत" पाइरहेको धारणा आइतवार सरकारी सञ्चारमाध्यममार्फत् राखेका थिए । उनले चुनावी अभियानका क्रममा ट्रम्पले शान्ति चाहेको र रुसलाई पराजय थोपर्ने चाहना नरहेको धारणा राखेको पनि दाबी गरेका थिए।

निर्वाचनमा जित हासिल गरेपछि ट्रम्पले युक्रेनी राष्ट्रपति भोलोदोमिर जेलेन्स्कीसँग कुराकानी गरेका थिए जुन "झन्डै आधा घण्टा चलेको" एउटा स्रोतले बीबीसीलाई बताएको थियो।

जेलेन्स्कीले विगतमा उक्त भूमिमाथि रुसी नियन्त्रण स्वीकार गर्नेविरुद्ध चेतावनी दिएका थिए र अमेरिकी सहयोगबिना युक्रेन लडाइँमा पराजित हुने धारणा राखेका थिए।

# पार्कर खेलाडी दिनेशलाई यस वर्षको अन्तर्राष्ट्रिय मदर टेरेसा पुरस्कार प्रदान

काठमाण्डु । नेपालका पार्कर खेलाडी दिनेश सुनारलाई यस वर्षको 'अन्तर्राष्ट्रिय मदर टेरेसा' पुरस्कार प्रदान गरिएको छ । अठार पटक गिनिज विश्व रेकर्डमा नाम लेखाउन सफल सुनारले खेल क्षेत्रसँगै समाजमा पुऱ्याएको उत्कृष्ट योगदानको कदर गर्दै उहाँलाई नयाँ दिल्लीमा आयोजित विशेष समारोहमा सो पुरस्कार प्रदान गरिएको हो ।




दिनेश सुनारले आफ्नो प्लेटफर्म र पार्कौर कौशललाई विश्व रेकर्ड कायम राख्न मात्र नभई युवाहरूलाई प्रेरणा दिन, स्वस्थ जीवनशैलीलाई प्रोत्साहन गर्न र नेपाललाई अन्तर ाष्ट्रिय मञ्चमा चिनाउँदै आएका छन् । मानवतावादी सेवा, सामाजिक कार्य र शान्ति निर्माणका क्षेत्रमा योगदान दिने व्यक्तिहरू र संस्थाहरूलाई सम्मानित गरिने यो पुरस्कार स्वर्ण भारत परिवार नामक संस्थाले प्रदान गर्दै आएको छ । भारतका डा बेनेट फरनान्डेज, मेक्सिकोकी रीता अगुइलर गोन्जालेज, सिङ्गापुरकी डा म्यारी एङ, अमेरिकाकी डा लिनोरा पिटरसन, जिम्बाबेकी डा प्याट्रसिया गोन्डे, बेलायतकी अलिसन चिवारालगायतसमाजमा विभिन्न क्षेत्रमा महत्वपूर्ण योगदान दिएका एक हजार एकजनामध्ये उहाँ नेपालबाट एकजना मात्र रहनुभएको छ ।

समर्पण र अनुशासनमार्फत सुनारले आफ्नो शारीरिक तन्दुरुस्ती र जोसले विशेषगरी खेलकुद र पहिचानको अवसर सीमित रहेका ग्रामीण समुदायमा सकारात्मक प्रभाव पार्ने योगदान पुऱ्याउँदै आउनुभएको छ । मदर टेरेसाका मूल्य मान्यतासँग मेल खाने योगदानलाई प्रोत्साहित गर्न र प्रवर्द्धन गर्न स्थापना गरिएको यो पुरस्कार उपेक्षित समुदायको उत्थान, वञ्चित वर्गका लागि स्वास्थ्य सेवा र शिक्षा प्रदान गर्न तथा विश्व शान्ति र सौहार्द्रको भावना जागृत गराउन करुणा र निःस्वार्थ सेवा गरेबापत प्रदान गर्ने गरिन्छ । पुरस्कार प्राप्त गरेपछि सुनारले विश्वभरिका सामाजिक रूपमा प्रभावशाली र बौद्धिक व्यक्तित्वसँगै आफू पनि सम्मानित हुन पाउँदा आफूले गरेको मेहनतले सार्थकता पाएको महसुस भएको बताउँदै नेपाललाई विश्वभर चिनाउन सकेकामा गौरवान्वित भएको बताउनुभयो । उहाँले भन्नुभयो, "नेपाली खेलाडीका रूपमा मैले पाएको सम्मानले विश्वभरिका युवाहरूलाई प्रेरित गर्दछ, जतिसुकै चुनौती आए पनि आफूले चाहेको उपलब्धि हासिल गर्न सकिन्छ भन्ने सन्देश दिएको छ।"

हाल अमेरिकामा रहेर पार्कर जस्तो उल्लेखनीय कलाबाट नेपाली खेलकुद र सांस्कृतिक आदानप्रदानमा सक्रिय हुने क्रममा विभिन्न प्रदर्शनी र विश्वकीर्तिमानी प्रवर्द्धनमा सक्रिय हुँदै आउनुभएको छ ।

# ट्रम्पद्वारा पुटिनसँग कुराकानी, युक्रेनमा तनाव नबढाउन चेतावनी

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति निर्वाचित डोनाल्ड ट्रम्पले रुसी राष्ट्रपति भ्लादिमिर पुटिनसँग कुरा गरी युक्रेनमा युद्ध नबढाउन आग्रह गर्नुभएको द वासिङ्टन पोस्टले आइतबार बताएको छ ।डेमोक्रेटिक प्रतिद्वन्द्वी कमला ह्यारिसमाथिको आश्चर्यजनक चुनावी विजयको केही दिनपछि ट्रम्पले बिहीबार फ्लोरिडाको मार-ए-लागो एस्टेटबाट फोन गर्नुभएको समाचारमा उल्लेख छ।



ट्रम्पका सञ्चार निर्देशक स्टिभन चेउङले एएफपीलाई लिखित विज्ञप्तिमा भन्नुभएको छ, "हामी राष्ट्रपति ट्रम्प र अन्य विश्व नेताहरूबीचको निजी फोन वार्तामा टिप्पणी गर्दैनौं ।"ट्रम्पले पुटिनलाई युरोपमा अमेरिकाको ठूलो सैन्य उपस्थितिको सम्झना गराउनुभएको नाम नछाप्ने आधारमा कुरा गर्ने फोनवार्तासँग परिचित धेरै व्यक्तिलाई उद्धृत गर्दै पोस्टले बताएको छ ।उनीहरूका अनुसार ट्रम्पले 'चाँडै युक्रेन युद्धको समाधान' बारे थप कुराकानी गर्न चासो व्यक्त गर्नुभएको थियो।

ट्रम्पले आइतबार जर्मन चान्सलर ओलाफ सोल्ससँग पनि फोनमा कुरा गर्नुभएको र दुवै नेता 'युरोपमा शान्तिमा फर्कन सँगै मिलेर काम गर्न सहमत हुनुभएको' सोल्सका प्रवक्ताले बताउनुभयो ।ट्रम्पले लडाईं चाँडै अन्त्य गर्न जोड दिँदै किएभका लागि वासिङ्टनको अर्बौं डलर सहयोगमा शङ्का व्यक्त गर्दै आउनुभएकाले उहाँको चुनावी जितले लगभग तीन वर्ष लामो युक्रेन द्वन्द्वमा ठूलो प्रभाव पार्ने देखिन्छ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले बुधबार ट्रम्पसँग कुरा गर्नुभयो । कुराकानीमा रिपब्लिकनका अर्बपति समर्थक एलन मस्क पनि उल्लेखनीय रूपमा सहभागी हुनुभएको थियो ।राष्ट्रपति जो बाइडेनको बाहिरिन लागेको डेमोक्रेटिक प्रशासनले जनवरी २० मा ट्रम्पको शपथग्रहण अघि युक्रेनलाई सक्दो सहयोग पठाउने पुष्टि गरेको छ।

बाइडेनका राष्ट्रिय सुरक्षा सल्लाहकार जेक सुलिभानले आइतबार ह्वाइट हाउसले 'युक्रेनलाई युद्धभूमिमा सबैभन्दा बलियो स्थितिमा राख्ने लक्ष्य राखेको छ ताकि यो अन्ततः वार्ता टेबलमा सबैभन्दा बलियो स्थितिमा होस्' भन्नुभयो । यसमा युक्रेनका लागि बाँकी रहेको छ अर्ब डलर रकम प्रयोग गर्ने कुरा समावेश हुने सुलिभानले बताउनुभयो ।

रुसी सरकारले ट्रम्पको फिर्तीमा सतर्क तर प्रायः सकारात्मक प्रतिक्रिया दिएको छ । क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले आइतबार भन्नुभयो, "सङ्केतहरू सकारात्मक छन्... कम्तीमा उहाँले टकरावको नभई शान्तिको कुरा गरिरहनुभएको छ ।"आफ्नो चुनावी अभियानमा ट्रम्पले आफ्नो सोचाइको विवरण नदिइ शपथग्रहणअघि नै युक्रेन युद्ध छिटै अन्त्य गर्ने प्रतिबद्धता दोहोऱ्याउनुभएको थियो ।

रक्षा कम्पनी र विदेश नीतिका बाजहरूको भ्रष्ट युद्ध-समर्थक नेक्ससलाई सहयोग गर्छ भन्ने सङ्केत गर्दै ट्रम्प र उहाँका सहयोगीहरूले युक्रेनका लागि अमेरिकी कोषको विरोध गरेका छन् । ट्रम्पका जेठा छोरा डोनाल्ड ट्रम्प जुनियरले शनिबार इन्स्टाग्राममा सेयर गर्नुभएको भिडियोमा राष्ट्रपति निर्वाचितको छेउमा जेलेन्स्की उभिएको देखिन्छ र क्याप्सनमा लेखिएको छ, "दृष्टिकोण : तपाईं ३८ दिनमा आफ्नो भत्ता गुमाउँदै हुनुहुन्छ ।"

युक्रेनमा कुनै पनि द्रुत सम्झौताले किएभलाई युक्रेनको दक्षिण र पूर्वमा रूसी आक्रमणकारीहरूलाई गुमाएको केही क्षेत्र हस्तान्तरण गर्न आवश्यक पर्ने अपेक्षा गरिएको छ।

# ट्रम्पद्वारा आप्रवासन अधिकारी टम होमनलाई 'बोर्डर जार' का रूपमा घोषणा

एएफपी

वासिङ्टन । अमेरिकी राष्ट्रपति निर्वाचित डोनाल्ड ट्रम्पले आइतबार आगामी प्रशासनमा देशको सिमानाको निरीक्षण गर्न कट्टर आप्रवासन अधिकारी टम होमनलाई फिर्ता ल्याउने बताउनुभएको छ ।अठहत्तर वर्षीय रिपब्लिकन उद्योगपतिले आफ्नो राष्ट्रपति कार्यकालको पहिलो दिनदेखि नै अमेरिकी इतिहासकै सबैभन्दा ठूलो कागजातविहीन आप्रवासीहरूको निर्वासन अभियान सुरु गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।



"म पूर्व आइसिई निर्देशक र सीमा नियन्त्रणका दृढ समर्थक टम होमन हाम्रो राष्ट्रको सीमाको जिम्मेवारीमा ('बोर्डर जार' का रूपमा) ट्रम्प प्रशासनमा सामेल हुने घोषणा गर्न पाउँदा खुसी छु", ट्रम्पले आफ्नो सामाजिक सञ्जाल ट्रुथ सोसलमा लेख्नुभयो, "मैले टमलाई लामो समयदेखि चिन्छु र हाम्रो सीमाको प्रहरी र नियन्त्रणमा उहाँभन्दा राम्रो कोही छैन ।"

ट्रम्पले होमनलाई 'सबै गैरकानूनी विदेशीलाई उनीहरूको मूल देशमा फिर्ता पठाउने' जिम्मेवारी दिइने बताउनुभयो ।सन् २०२० को राष्ट्रपति निर्वाचनमा हार स्वीकार नगर्नुभएका ट्रम्पले नोभेम्बर ५ को मतदानमा उल्लेखनीय पुनरागमन गर्नुभएको छ । यसले उहाँको कट्टर दक्षिणपन्थी दृष्टिकोणले प्रभुत्व जमाएको एक दशकभन्दा बढी अमेरिकी राजनीतिको सुरुआत गर्ने देखिन्छ ।

आफ्नो चुनावी अभियानमा उहाँले कागजात विहीन आप्रवासीहरू विरुद्ध बारम्बार आक्रोश व्यक्त गर्नुभयो र अमेरिकाको 'रगत विषाक्त पार्ने' व्यक्तिहरूका बारेमा हिंसात्मक भाषा प्रयोग गर्नुभयो ।अमेरिकी सरकारले मेक्सिकोसँगको दक्षिणी सीमा व्यवस्थापनमा वर्षौंदेखि सङ्घर्ष गरिरहेको भए पनि अमेरिकीहरूलाई बलात्कार र हत्या गर्ने आप्रवासीहरूद्वारा ' आक्रमण' भइरहेको दाबी गर्दै ट्रम्पले चिन्ता व्यक्त गर्नुभएको छ।

ऱ्याली भाषणहरूमा उहाँले स्थानीय तनावहरूलाई अत्यधिक बढाइचढाइ गर्नुभयो र आफ्ना श्रोताहरूलाई आप्रवासन तथ्याङ्क र नीतिबारे भ्रममा पार्नुभयो ।ट्रम्पको शासनकालमा बढेको हिंसात्मक अपराध राष्ट्रपति जो बाइडेनको प्रशासनमा हरेक वर्ष घटेको छ ।आप्रवासीहरूले स्थानीय जनसंख्याको अनुपातमा कम अपराधहरू गर्छन् । यद्यपि महिला र बालबालिकामाथि हिंसात्मक आक्रमणका केही उच्च-प्रोफाइल मामिलाहरूमा विदेशी संदिग्धहरूको नाम राखिएको छ । यसले रिपब्लिकनहरूलाई क्रोधित बनाएको छ।

मेक्सिकोबाट गैर कानुनी रूपमा सीमा पार गर्ने आप्रवासीहरूसँग अमेरिकी सीमा गस्ती मुठभेडहरूको संख्या अहिले ट्रम्पको राष्ट्रपतिको अन्तिम वर्ष सन् २०२० मा जस्तै छ। यो सन् २०२३ डिसेम्बरमा मासिक रेकर्ड दुई लाख ५० हजारमा पुगेको थियो ।ट्रम्पले सन् १७९८ को एलियन एनिमिज एक्ट प्रयोग गरेर आप्रवासी गिरोहहरूलाई सम्बोधन गर्ने वाचा गर्नुभयो । उक्त एक्टले सङ्घीय सरकारलाई शत्रु देशहरूका विदेशीहरूलाई पक्रन र निर्वासन गर्न अनुमति दिन्छ। यो 'अपरेसन अरोरा' नाम दिएको सामूहिक निर्वासन अभियानको हिस्सा हो।

अरोरामा एक भाइरल भिडियोमा सशस्त्र ल्याटिनोहरूले एउटा अपार्टमेन्ट ब्लकमा उपद्रो मच्चाएको देखाइएको थियो। यसले ल्याटिन अमेरिकी आप्रवासीहरूले शहरमा आतङ्क मच्चाएको भन्ने झूटो कथाहरू फैलाएको थियो ।ओहायोको स्प्रिङ्गफिल्डमा हाइटीका आप्रवासीहरूले बासिन्दाहरूको घरपालुवा जनावर खाँदैछन् भन्ने काल्पनिक कथालाई पनि ट्रम्पले प्रचार गर्नुभएको छ।

# कोप-२९ सम्मेलन अजरबैजानमा सुरु

एएनआई

बाकु ।बढ्दो जलवायु चुनौतीको सम्बोधन गर्ने उद्देश्यले अजरबैजानको राजधानी बाकुमा जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्र फ्रेमवर्क कन्भेन्सन (कोप-२९) सम्मेलन सोमबारदेखि सुरु भएको छ।

सम्मेलनमा विश्वभरका नेताहरू छलफल र विश्वव्यापी सहकार्यका लागि नोभेम्बर २२ सम्म बाकुमा भेला भई जलवायु सङ्कटको सामनामा केन्द्रित रहने जनाइएको छ। देशहरूले उत्सर्जनमा कटौती र विश्वव्यापी आपूर्ति शृंखलामा थप उदारलगायतका व्यवस्था गर्न नसकेसम्म कुनै पनि अर्थव्यवस्था जी-२० सहित-अनियन्त्रित विश्वव्यापी उष्णताबाट बाँच्न नसकिने तथा गम्भीर मुद्रास्फीति प्रभावबाट उम्कन नसक्ने राष्ट्रसङ्घले जनाएको छ।




राष्ट्रसङ्घका अनुसार सम्मेलनले पछिल्लो समयमा विश्वव्यापी तापक्रम उच्च हुँदा बढ्दै गएका प्रतिकूल मौसमी घटनाहरूले कोप-२९ सम्बन्धित सबैलाई विश्वव्यापी मुद्दाको समाधानका लागि एकताबद्ध बनाउनेछ ।जलवायु परिवर्तनको प्रभावबाट जीवन रक्षा गर्न खर्बौं डलर आवश्यक रहेकाले कोप-२९ को मुख्य ध्यानाकर्षण आर्थिक मामलामा हुने तथा देशहरूलाई हरित गृह ग्यास उत्सर्जन घटाउन आवाह्न गर्न रहने जनाइएको छ।

यस वर्षको सम्मेलन नयाँ वित्तीय प्रतिबद्धतामा केन्द्रित छ। जसलाई 'न्यु कलेक्टिभ क्वान्टिफाइड गोल (एनसिक्युजी)' नाम दिइएको छ ।एनसिक्युजी वा 'फाइनान्स कोप' भनेर चिनिने नयाँ लक्ष्य यस सम्मेलनमा छलफल हुने र सन् २०२५ देखि प्रभावकारी हुने लक्ष्य राखिएको छ ।जलवायु वित्तसम्बन्धी स्वतन्त्र उच्चस्तरीय विशेषज्ञ समूहको सन् २०२२ को प्रतिवेदनअनुसार विकासशील देशहरूलाई जलवायु वित्त आवश्यकताहरू पूरा गर्न सन् २०२५ सम्ममा प्रतिवर्ष १० खर्ब अमेरिकी डलर तथा सन् २०३० सम्ममा २४ खर्ब अमेरिकी डलर चाहिन्छ।

कोप-२९ को मुख्य उद्देश्य जलवायुसम्बन्धी चुनौतीहरूको सामना गर्ने कमजोर देशहरूलाई सहयोग गर्न वित्तीय लक्ष्यहरूमा सम्झौताहरू सुरक्षित गर्नु हो ।आज एक सय ९८ देशले प्रगति मूल्याङ्कन गर्न र जलवायु सङ्कटको प्रतिक्रियाहरू बनाउन वार्षिक बैठकहरूमा भाग लिने स्रोतले जनाएको छ ।'युएनइपी उत्सर्जन ग्याप रिपोर्ट २०२४' का अनुसार तापक्रम क्रमशः दुई डिग्री सेल्सियस तथा एक दशमलव पाँच डिग्री सेल्सियसभन्दा कम राख्ने र सन् २०३० सम्म वार्षिक उत्सर्जन पाँच दशमलव पाँच प्रतिशत र नौ प्रतिशतले घटाउनु पर्नेछ।

कोप-२९ का विषयवस्तुहरूले वित्त, ऊर्जा सङ्क्रमण, मानव पूँजी, जैविक विविधता, खाद्य सुरक्षालगायत जलवायुका पक्षहरूलाई सम्बोधन गर्नेछन् ।वर्ल्ड लिडर्स क्लाइमेट एक्सन समिटजस्ता उल्लेखनीय सत्रहरूले उच्चस्तरीय छलफललाई सहज बनाई युवा, स्वास्थ्य र सहरीकरणका संवादलाई बढावा दिनेछन् ।प्रमुख लक्ष्यहरूमा नयाँ विश्वव्यापी जलवायु वित्त लक्ष्य स्थापना, अनुकूलन उपायहरू मापन गर्ने र एक दशमलव पाँच डिग्री सेल्सियस लक्ष्यसँग प्रतिबद्धताहरू प्राप्त गर्ने समावेश छन्।

# रुसी आक्रमणमा ६ जनाको मृत्यु भएपछि युक्रेनद्वारा हवाई सतर्कता जारी

एएफपी

किएभ । देशको दक्षिणी भागमा रुसी आक्रमणबाट कम्तीमा छ जनाको मृत्यु भएपछि युक्रेनी अधिकारीहरूले देशको अधिकांश भागमा हवाई आक्रमणको सतर्कता जारी गरेका छन् ।

"ध्यान दिनुहोस् ! सम्पूर्ण युक्रेनमा क्षेप्यास्त्रको खतरा ! मिग-३१के उडान भयो", युक्रेनी वायुसेनाले टेलिग्राममा रुसी बमवर्षक विमानहरू हावामा रहेको पुष्टि गर्दै पोस्ट गरेको छ ।यसअघि रुसी हवाई आक्रमणमा दक्षिणी युक्रेनमा कम्तीमा छ जनाको मृत्यु भएको छ । यो घटना मस्को र किएभले एक अर्कामाथि रेकर्ड स~~~यामा राति ड्रोन आक्रमण गरेको एक दिनपछि भएको हो ।

क्षेत्रीय गभर्नरका अनुसार दक्षिणी शहर मिकोलाइभमा पाँच जनाको मृत्यु भएको छ भने जापोरिझ्जियामा भएको आक्रमणमा एक जनाको मृत्यु भएको र दर्जनौं घाइते भएको अधिकारीहरूले बताएका छन् ।"पाँच जनाको मृत्यु भएको छ", मिकोलाइभका गभर्नर भिटाली किमले सोमबार बिहान टेलिग्राममा लेख्नुभयो । यसअघि चार जनाको मृत्यु भएको बताइएको थियो । आक्रमणमा धेरै आवासीय भवनमा आगलागी भएको थियो ।

पूर्वतर्फ करिब तीन सय किलोमिटर टाढा जापोरिझ्जियामा युक्रेनको राज्य आपत्कालीन सेवा एजेन्सीले रुसले गरेको तीन वटा हवाई आक्रमणमा एक पुरुषको मृत्यु भएको र धेरै भवन क्षतिग्रस्त भएको जनाएको छ ।जापोरिझ्जियाका गभर्नर इभान फेडोरोभका अनुसार पाँच बालबालिकासहित १८ जना घाइते भएका छन् । "चार, १६ र १७ वर्षका बालक र १५ र १७ वर्षका बालिकाले आवश्यक चिकित्सा सहायता पाएका छन्", उहाँले टेलिग्राममा भन्नुभयो ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीका अनुसार शनिबार रातिदेखि आइतबार बिहानसम्म रुसले युक्रेनमाथि एक सय ४५ वटा ड्रोन प्रहार गरेको छ । यो जुन द्वन्द्वका क्रममा एकै रातको आक्रमणमा अहिलेसम्मकै सबैभन्दा धेरै हो ।रुसले आइतबार मस्कोतर्फ लक्षित ३४ वटा युक्रेनी ड्रोन खसालेको पनि बताएको छ । यो सन् २०२२ मा युद्ध सुरु भएयता राजधानीमाथि गरिएको सबैभन्दा ठूलो आक्रमण प्रयास थियो ।

# सातु बिक्री गरेर मासिक ५० हजार आम्दानी

इनरुवा । सुनसरी सदरमुकाम इनरुवा-१ का अर्जुन पौदार बिहानै ५ बजे इनरुवाको मुख्य बजारस्थित सुपरमार्केमा ठेला लिए आइपुग्नुहुन्छ । ठेलमा माटोका भाडामा पानी, चनाको सातु, प्याज र कागती रहेको हुन्छ । उहाँको ठेला देख्नेवित्तिकै सातु पिउने मानिसको भीड हुन्छ । उहाँले लिएर आउने ठेलाको टायरमा हावा हुँदैन । उहाँको सातु स्वादिष्ट हुने गरेको उपभोक्ताको भनाइ रहेको छ ।

उहाँले भन्नुभयो, " ठेला राम्रो छैन तर ग्राहक सातु खुवाएर सन्तुष्टि छन् । सातु बिक्री गरेर मासिकरुपमा रु ५० हजार  आम्दानी हुन्छ । " गर्मीयामका बेलामा रु एक लाख मासिक कमाउने गरेको र चिसोको बेलामा आम्दानी हुने उहाँको भनाइ रहेको छ । चिसोका बेलामा दैनिक रुपमा एक सयदेखि एक सय ५० गिलाससम्म सातु बिक्री हुने गरेको छ भने गर्मीका बेलामा दुई सयदेखि दुई सय ५० गिलाससम्म सातु बिक्री हुने गरेको उहाँले बताउनुभयो ।

उहाँले करिब पाँच वर्षदेखि इनरुवाको मुख्य बजारमा सातु बिक्री गर्दै आउनुभएको छ । उहाँले विगतका वर्षमा विभिन्न व्यापार गर्दा असफलता प्राप्त भएकामा यस व्यापारले राम्रो फाइदा हुने गरेको बताउनुभयो । दैनिक रुपमा सामग्री महँगिँदै गएका बेलामा प्रति गिलास सातुको रु ४० लिने गरेको उहाँको भनाइ छ । दैनिक रुपमा रु चार हजारदेखि पाँच हजारसम्मको बिक्री हुने गरेकोमा खर्च कट्टा गरेर मासिक रुपमा रु ५० हजारदेखि ६० हजारसम्म आम्दानी हुने गरेको पौदारले बताउनुभयो ।

सातु बेचेरै छोरीको बिहे गर्नुका साथै पाँच घरपरिवार चलाउँदै आएको उहाँले बताउनुभयो । आर्थिक अभावका कारणले आफ्नो उपचार गराउनका लागि समस्या भएको बेलामा सातुको आम्दानीले आफ्नो उपचार गराउनका लागि समेत सफल भएको उहाँले बताउनुभयो ।

रु एक लाखदेखि दुई लाख खर्च गरेर विदेशमा गएर रु ४० हजारदेखि ५० हजार आम्दानी गर्दै आएकोमा आफू सोही बराबरको लगानीमा घरमै बसेर राम्रो आम्दानी गर्दै आएको र दैनिक रुपमा सयौँ साथीभाइसँग भेट समेत गर्दै आएको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, "स्वदेशमै काम गरे वैदेशिक रोजगारीका लागि अर्काको देशमा पसिना बगाउनुपर्दैन । "रासस

# कतार एयरवेजले मङ्गलबारदेखि गौतमबुद्ध विमानस्थलमा उडान भर्दै

काठमाण्डु । कतार एयरवेजले भैरहवास्थित गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट उडान भर्ने भएको छ । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) का अनुसार उक्त एयरलाइन्सले मङ्गलबारदेखि भैरहवामा दैनिक उडान भर्न लागेको हो ।

प्राधिकरणका सूचनाअधिकारी ज्ञानेन्द्र भूलले कतार एयरवेजले गौतमबुद्ध अन्तरर्ाष्ट्रिय विमानस्थलमा दैनिक उडान भर्न लागेको बताउनुभयो । कतार एयरवेजको भैरहवा उडान साङ्केतिक रुपमा ठूलो उपलब्धि भएको उहाँले उल्लेख गर्नुभयो । "भैरहवाबाट अन्तर्राष्ट्रिय उडान हुनु भनेको आफैमा नेपालको इन्टरनेशनल एयरपोर्टलाई अन्तरर्ाष्ट्रिय एरोनोटिकल समुदाय 'इन्टरनेशनल एरोनोटिक कम्युनिटी'ले रिकनाईज गर्नु हो", सूचना अधिकारी भूलले भन्नुभयो, "विश्वका ठूला एयरलाइन्स कतार, फलाई दुबई, थाई एयर एसिया, जजीरालगायत अन्तर्राष्ट्रिय एयरलाइन्सको भैरहबाट उडान हुनु रणनीतिक हिसाबले निकै महत्व हुन्छ । हामी (नेपालले) बनाएको अन्तरर्ाष्ट्रिय एयरपोर्ट 'गेट वे' को रुपमा विश्व प्रसिद्ध एयरलाइन्सले सेडुअल उडानको रुपमा प्रयोग गर्नुभनेको आर्थिक हिसाबले गौतमबुद्ध विमानस्थल र आसपासको क्षेत्र पनि आर्थिक सम्भावनायुक्त हुने हुनाले यसको विशेष महत्व छ ।"

सूचना अधिकारी भुलका अनुसार गौतमबुद्ध विमानस्थलबाट भएको अन्तरर्ाष्ट्रिय उडानले हवाई भाडा नियन्त्रण गर्न मद्दत पुग्छ । नेपालले अधिकांश देशसँग गरेको हवाई सेवा सम्झौतामा इन्धनको मूल्य र प्रतिस्पर्धाको आधारमा हवाई भाडा निर्धारण गरिएको हुन्छ । स्वदेशी र विदेशी वायुसेवा कम्पनीको समन्वयमा प्रतिस्पर्धी उत्कृष्ट 'एयरफेयर सिस्टम' भएपछि स्वदेशी वायुसेवा कमजोर हुँदाखेरी विदेशी वायुसेवाको क्षमतामा निर्भर हुनुपर्दा विदेशी कम्पनीले हवाई भाडा बढाउदा बजार उनीहरुको पहुँचमा जान्छ ।

"सरकारले विमानस्थल सहुलियतको प्याकेज घोषणा गरेको छ । यसबाट एयरलाइन्सले पनि नयाँ विमानस्थलबाट व्यावसायिक उडान भरेर श्रेय लिने सम्भावनाको प्रतिस्पर्धा हुने तथा यसले अन्तर्राष्ट्रिय महत्व राख्ने प्राधिकरणका विश्वका ठूला एयरलाइन्स विश्वको नम्बर एक एयरलाइन्स कतार एयरवेजले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थललाई 'रिकनाइज' गर्नुनै आफैमा रणनीतिक रुपमा ठूलो महत्व रहन्छ," सूचना अधिकारी भूलले भन्नुभयो, "यसले भविष्यमा अन्तरर्ाष्ट्रिय विमानस्थल पूर्ण क्षमतामा सञ्चालन हुने वातावरण सिर्जना हुन्छ ।"



कतारले दैनिक दुई उडान काठमाडौँ र एउटा भैरहवाबाट गर्नेछ । कतार एयरवेजको भैरहवाका ३० नोभेम्बरसम्म दैनिक एक उडानको तालिका निर्धारण गरिएको छ । विमानस्थलमर्मत सुरु हुनुअघि कतारले काठमाडौँमा दैनिक चार उडान भर्दै आएको थियो । योसहित मुलुकको दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्ने हवाई कम्पनीको सङ्ख्या पाँच पुगेको छ ।

निर्माण सम्पन्न भएको लामो समयपछि यो विमानस्थलमा धमाधम अन्तर्राष्ट्रिय उडान भइरहेको छ । विमानस्थलमा यसअघि नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स), जजीरा एयर र फ्लाइ दुबईले अन्तर्राष्ट्रिय उडान सञ्चालन गरिरहेका छन् । गौतमबुद्ध विमानस्थलबाट पहिलो पटक यही कात्तिक १४ गते एकै दिन तीनवटा अन्तरर्ाष्ट्रिय उडान सञ्चालन भएको थियो । थाई एयर एसियाले यही कात्तिक १८ गतेदेखि व्यावसायिक उडान सुरु गरेको थियो । यस्तै फलाई दुबईले कात्तिक २४ गतेदेखि भैरहवा विमानस्थलमा उडान सुरु गरेको थियो । हप्ताको सातै दिन फलाई दुबईले दुबई-भैरहवा र भैरहवा-काठमाडौँ-दुबई उडान गर्न लागेको हो ।

नेपाल एयरलाइन्सले भैरहवा विमानस्थल बेस बनाएर मलेसियाको क्वालालम्पुर र दुबई उडान सञ्चालन गरिरहेको छ । विसं २०७९ जेठ २ गते गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन भएको थियो । दुई अन्तर्राष्ट्रिय विमानस्थल पूर्णक्षमतामा सञ्चालन गर्ने सरकारको कार्ययोजना अनुरुप गौतमबुद्ध विमानस्थलमा धमाधम अन्तर्राष्ट्रिय उडान सञ्चालन गर्न लागिएको विमानस्थलले जनाएको छ ।


**टीआइएको 'ट्याक्सी वे' निर्माण धमाधम**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल (टीआइए) को स्तरोन्नतिको क्रममा धावनमार्गसँगै समानान्तर हुनेगरी ट्याक्सी वे निर्माणको काम धमाधम भइरहेको विमानस्थलले जनाएको छ । राति १० बजेदेखि बिहान ८ बजेसम्म विमानस्थल विस्तारको काम भइरहेको छ ।

प्राधिकरणले यही कात्तिक २३ गतेदेखि दैनिक १० घण्टा उडान बन्द गरेर काठमाडौँ विमानस्थलको मर्मत र विस्तारको काम सुरु गरेको थियो । प्राधिकरण अन्तर्गतको हवाई यातायात क्षमता अभिवृद्धि आयोजनाले विमानस्थलको दक्षिण-पश्चिमतर्फ समानान्तर 'ट्याक्सी वे', उत्तरतर्फको 'इन्टरनेशनल एप्रोन' र विमानस्थलको पूर्वतर्फको 'ह्याङ्गर एप्रोन'लगायत विस्तार गर्नेछ ।रासस

# ६४ सौर्य ऊर्जा परियोजना छनोट

काठमाण्डु । ऊर्जा मिश्रणको अवधारणालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्ने लक्ष्यका साथ नेपाल विद्युत् प्राधिकरणले ६४ वटा ऊर्जा कम्पनी छनोट गरेको छ ।




प्राधिकरणले प्रतिस्पर्धाका आधारमा ती कम्पनी छनोट गरेको जनाएको छ । ऊर्जा मिश्रण अवधारणा कार्यान्वयन गर्ने र हिउँदको ऊर्जा माग सम्बोधन गर्ने लक्ष्यका साथ सौर्य परियोजनालाई व्यवहारिक रुपमा कार्यान्वयन गर्न मार्ग प्रशस्त गरेको हो ।प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङका अनुसार तराईका विभिन्न जिल्लामा सौर्य परियोजनालाई अगाडि बढाउन लागिएको हो । प्राधिकरणले एक हजार मेगावाट क्षमता बराबरका आयोजना अगाडि बढाउन लागेको हो ।

प्राधिकरणले यसअघि आठ सय मेगावाट बराबरको सौर्य परियोजना अगाडि बढाउने निर्णय गरेको थियो । त्यसमा २० प्रतिशत थप गर्ने निर्णय भएको थियो । प्राधिकरणले छनोट गरेका आयोजनाको क्षमता एकदेखि ५० मेगावाट बराबर छन् । हाल छनौट भएका ६४ परियोजनाको कूल क्षमता भने नौ सय ७४ मेगावाट बराबर छ ।प्राधिकरणले प्रतिकिलोवाट चार रुपैयाँ ९९ पैसादेखि पाँच रुपैयाँ ५५ पैसासम्मको दर तय गरेको छ । विहान ६ बजेदेखि साँझ ६ बजेसम्म खरिद गर्ने गरी प्राधिकरणले सौर्य ऊर्जा उत्पादक कम्पनीसँग आवश्यक प्रक्रिया अगाडि बढाइने जनाएको छ ।

हिउँदमा नदीको जलस्तर घटन गई ऊर्जा उत्पादन केन्द्रहरुले कम क्षमतामा मात्रै बिजुली उत्पादन गर्ने भएकाले सौर्य परियोजनाको अवधारणा अगाडि सारिएको हो । दिनभरको माग सम्बोधन गर्न सौर्य ऊर्जा प्रभावकारी हुने ठहरसहित तत्कालका लागि झण्डै एक हजार मेगावाट बराबरको बिजुली प्रणालीमा जोडन लागिएको हो ।दिनको माग धान्न वैकल्पिक व्यवस्था गर्न सकिए साँझ वा रातको माग भने जलविद्युत् आयोजनाले सम्बोधन गर्ने विश्वास लिइएको छ । सरकारले ठूला जलाशयुक्त आयोजनाको अवधारणा अगाडि सारेपनि निर्माण सम्पन्न गर्न लामो समय लाग्ने देखिन्छ ।

केही जलाशययुक्त आयोजनाको प्रक्रिया अगाडि बढाइएको भएपनि लगानीको ढाँचालगायतका विषयमा सहमति जुटन नसक्दा निर्माणमा जान ढिलाइ भइरहेको छ । जानकारहरुका अनुसार एकदेखि डेढ बर्षभित्रमा सौर्य परियोजनाले बिजुली उत्पादन गर्ने भएकाले प्रणाली व्यवस्थापन गर्न सहज हुने छ ।रासस

# यस्तो छ विदेशी मुद्रा विनिमय दर

काठमाण्डु । नेपाल राष्ट्र बैंकले सोमबारका लागि विदेशी मुद्राको विनिमय दर निर्धारण गरेको छ । राष्ट्र बैंकका अनुसार अमेरिकी डलर एकको खरिददर एक सय ३४ रुपैयाँ ७१ पैसा र बिक्रीदर एक सय ३५ रुपैयाँ ३१ पैसा कायम भएको छ ।

युरोपियन युरो एकको खरिददर एक सय ४४ रुपैयाँ ३९ पैसा र बिक्री दर एक सय ४५ रुपैयाँ ३ पैसा, युके पाउण्ड स्टर्लिङ एकको खरिददर एक सय ७४ रुपैयाँ ९ र बिक्री दर एक सय ७४ रुपैयाँ ८६ पैसा, स्वीस फ्रयाङ्क एकको खरिददर एक सय ५३ रुपैयाँ ८५ पैसा र बिक्री दर एक सय ५४ रुपैयाँ ५३ पैसा कायम गरिएको छ ।

अष्ट्रेलियन डलर एकको खरिद दर ८८ रुपैयाँ ६८ पैसा र बिक्री दर ८९ रुपैयाँ ७ पैसा, क्यानेडियन डलर एकको खरिद दर ९६ रुपैयाँ ८५ पैसा र बिक्री दर ९७ रुपैयाँ २८ पैसा, सिङ्गापुर डलर एकको खरिददर एक सय एक रुपैयाँ ५७ पैसा र बिक्रीदर एक सय २ रुपैयाँ २ पैसा निर्धारण गरिएको छ ।

जापानी येन १० को खरिद दर आठ रुपैयाँ ८३ पैसा र बिक्रीदर आठ रुपैयाँ ८६ पैसा, चिनियाँ युआन एकको खरिददर १८ रुपैयाँ ७६ पैसा र बिक्री दर १८ रुपैयाँ ८५ पैसा, साउदी अरेबियन रियाल एकको खरिद दर ३५ रुपैयाँ ८७ पैसा र बिक्री दर ३६ रुपैयाँ ३ पैसा, कतारी रियाल एकको खरिद दर ३६ रुपैयाँ ९५ पैसा र बिक्रीदर ३७ रुपैयाँ १२ पैसा कायम भएको छ ।

केन्द्रीय बैंकका अनुसार थाइ भाट एकको खरिद दर तीन रुपैयाँ ९४ पैसा र बिक्री दर तीन रुपैयाँ ९६ पैसा, युएई दिराम एकको खरिद दर ३६ रुपैयाँ ६८ पैसा र बिक्री दर ३६ रुपैयाँ ८४ पैसा, मलेसियन रिङ्गेट एकको खरिद दर ३० रुपैयाँ ७४ पैसा र बिक्री दर ३० रुपैयाँ ८८ पैसा, साउथ कोरियन वन एक सयको खरिद दर ९ रुपैयाँ ६३ पैसा र बिक्री दर ९ रुपैयाँ ६८ पैसा, स्वीडिस क्रोनर एकको खरिद दर १२ रुपैयाँ ४५ पैसा र बिक्री दर १२ रुपैयाँ ५१ पैसा र डेनिस क्रोनर एकको खरिद दर १९ रुपैयाँ ३६ पैसा र बिक्री दर १९ रुपैयाँ ४५ पैसा तोकिएको छ ।

राष्ट्र बैंकले हङकङ डलर एकको खरिददर १७ रुपैयाँ ३३ पैसा र बिक्री दर १७ रुपैयाँ ४० पैसा, कुबेती दिनार एकको खरिद दर चार सय ३९ रुपैयाँ ३० पैसा र बिक्री दर चार सय ४१ रुपैयाँ २५ पैसा, बहराइन दिनार एकको खरिद दर तीन सय ५७ रुपैयाँ ३२ पैसा र बिक्री दर तीन सय ५८ रुपैयाँ ९१ पैसा तथा भारतीय रुपैयाँ एक सयको खरिद दर एक सय ६० रुपैयाँ र बिक्री दर एक सय ६० रुपैयाँ १५ पैसा तोकेको छ ।

राष्ट्र बैंकले यो विनिमय दरलाई आवश्यकतानुसार जुनसुकै समयमा पनि संशोधन गर्न सकिने जनाएको छ । वाणिज्य बैंकले तोक्ने विनिमय दर भने फरक हुनसक्ने र अद्यावधिक विनिमय दर केन्द्रीय बैंकको वेबसाइटमा उपलब्ध हुने जनाइएको छ ।रासस

# नेप्से परिसूचक उकालो लाग्दा ११ अर्ब ३१ करोडको कारोबार

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमबार पनि उकालो लागेको छ । नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक २२ दशमलव १४ अङ्कले उकालो लागेर दुई हजार सात सय ६० दशमलव २१ मा पुगेको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक तीन दशमलव ६१ अङ्कले उकालो लागेर चार सय ९० दशमलव ७२ मा पुगेको छ । कारोबार भएका कुल १३ उपसमूहमध्ये पाँच उपसमूहको शेयर मूल्यमा गिरावट आउँदा आठ उपसमूहको शेयर मूल्य भने उकालो लागेको छ ।

कुल दुई करोड ४५ लाख ५७ हजार एक सय ५३ कित्ता शेयर रु ११ अर्ब ३१ करोड ५२ लाख सात हजार एक सय २७ मा कारोबार भएको छ । नेप्सेका अनुसार, सपोर्ट माइक्रोफाइनान्स, सामुदायिक लघुवित्त, गुराँस लघुवित्त, मानुषी लघुवित्त, सिर्जनशील लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ ।

यस्तै, इस्टर्न पावर १०, समृद्धि फाइनान्स नौ दशमलव ७१, सानिमा जिआइसी इन्सुरेन्स चार दशमलव १३, दिव्यश्वरी हाइड्रोपावर तीन दशमलव ९९ र सिनर्जी पावर डेभलपमेन्टका लगानीकर्ताले तीन दशमलव ५० प्रतिशतले गुमाएका छन् ।रासस

**औरही नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**औरही, महोत्तरी**
**मधेश प्रदेश, नेपाल**

**सूचना ! सूचना !! सूचना !!!**

यस औरही नगरपालिका वडा नं. ३ स्थित श्री राम जानकी मठको स्थापना स्व, राम लखन दासले गरी भठ सञ्चालन गर्दै आइ रहनु भएकोमा वाहाँका २०३९/०१/२२ मा मुत्यु भएको, त्यस्तै स्व. राम लखन दासको मत्यु पश्चात विन्देश्वर राय भन्ने राम सिनेही दास वैष्णव महन्थ भै कुट्टी (मठ) सञ्चालन गरेको देखिन्छ । तत् पश्चात राम किशोर यादवको बुवा सिता राय यादवले राम किशोर यादव भन्ने राम किशोर यादवलाई उक्त कुट्टिको महन्थ कायम गरी पाउँ भनी २०३९ सालको दे.नं. ८८० को अपुताली जग्गा नामसारी मुद्दा महोत्तरी जिल्ला अदालतमा दिएकोमा राम किशोर यादव राम लखनको चेला रहेको नदेखिदा वादी दावी पुग्न सक्तैन भनि मिति २०४१/०२/३० मा महोत्तरी जिल्ला अदालतबाट फैसला भएकोछ । त्यस्तै राम किशोर यादवले उक्त मठको महन्थ भएको हुदाँ विपक्षीहरुको नाममा निषेधाज्ञा जारी गरी पाउँ भनि दिएको २०७९-WO- ०४४९ को निषेधाज्ञाको रिट निवेदनमा राम किशोर यादव मठको महन्थ नदेखिदा रिट निवेदन खारेज हुने गरी मिति २०८०/११/२२ मा श्री उच्च अदालत जनकपुरधामबाट फैसला भएको फैसलाको प्रमाणित प्रतिलिपिबाट देखिन्छ । राम किशोर यादवले २०५१ सालको दे.नं. १८६५ को महन्थ कायम गरी पाउँ भनी दिएको मुद्दा २०५४ साल बैशाख १९ गते डिसमिस भएको व्यहोरा निषेधाज्ञाको फैसलाको पेटबोलीबाट देखियो ।

यसरी उक्त रामजानकी मठको हालमा कुनै महन्थ कायम रहेको नदेखिदा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ९७ (१) (क) बमोजिम नगरपालिकाले स्व. राम लखन दासको नाममा रहेको सम्पत्तिको रेखदेख संरक्षण तथा अन्य प्रवन्ध गर्नुपर्ने हुँदा राम लखन दासको नाममा रहेको सम्पत्तिको कोही हकदार भए ३५ दिन भित्रमा सप्रमाण यस नगरपालिकामा दावी गर्न आउनु भनी सार्वजनिक सूचना प्रकाशन गरिएकोछ । म्याद समाप्त भए पश्चात प्रचलित कानून बमोजिम कारवाही गरिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**

**मधेश प्रदेश सरकार**
**भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
**पशु सेवा तालिम केन्द्र**
**जनकपुरधाम, धनुषा, नेपाल**

**तालिम माग पहिचान फारम भर्ने वारेको प्रथम पटकको १५ दिने सार्वजनिक सूचना**

**सूचना प्रकाशन मितिः २०८१/०७/२७**

यस कार्यालयको आ.व. २०८१।०८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार मागमा आधारित पशुपन्छी तथा मत्स्यः सम्बन्धी तालिम संचालन गर्नुपर्ने भएकोले मधेश प्रदेशका आठ वटै जिल्लाका स्थानीय तहहरुका तपसिल बमोजिमका योग्यता पुगेका इच्छुक कृषक/पशुपन्छी तथा मत्स्य व्यवसायीहरुले यो सूचना प्रकाशन भएको मिति देखि १५ (पन्ध्रह) दिनभित्र तालिम माग पहिचान फारम भरी सम्बन्धित जिल्लाको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रमा बुझाउन सकिने छ । साथै सम्भाव्य उम्मेदवारहरुले पशु सेवा तालिम केन्द्रमा वा यहाँको इमेल ठेगानाः lstc.janakpur@gmail.com मा समेत मेल गरी भरिएको माग फारम पठाउन सकिने छ । फारम बुझाउने अन्तिम दिनमा सार्वजनिक विदा पर्न गएमा सोको भोली पल्ट कार्यालय खुले लगतै कार्यालय समय भित्रै फारम बुझाउन सकिने छ । ईच्छुक उम्मेदवारहरुले तालिम माग पहिचान फारम "तथा तालिम छनौट गरी माग गर्नको लागि स्वीकृत तालिम पाठ्यक्रमसँग मेल खाने १ हप्ते तालिमहरुको सूची" भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रवाट प्राप्त गर्न सक्ने छ तालिम माग सन्दर्भमा थप कुरा बुझ्नु पर्ने आवश्यक भएमा यस कार्यालयको मो.न. ९८५४०२१३४२/९८५४०२७८२७/९८४४२१८६९५/९८२३१६१२१३/९८१७६९३५१३ मा फोन गरी बुझ्न सकिने छ ।

**तपसिल**

१. सम्भाव्य उम्मेदबारको उमेर १८ वर्ष पुरा भएको हुनुपर्ने ।
२. साधारण लेखपढ गर्न सक्ने ।
३. तालिम माग फारम संगै नेपाली नागरिकताको प्रतिलिपी पेश गर्नुपर्ने ।
४. छनौट भई तालिममा सहभागी हुन आउने व्यक्तिहरुले दुवै कान देखिने हाल सालै खिचिएको पासपोर्ट साईजको २ (दुई) वटा फोटो लिई आउनु पर्ने ।

# उपनिर्वाचनमा सत्ता सहयात्री दलहरु मधेश प्रदेशमा आ-आफ्नै ढंगले होमिने

**टुडे समाचारदाता**

जनकपुरधाम । चाडपर्व सकिएलगत्तै राजनीतिक दलहरु उपनिर्वाचनको तयारीमा लागिरहँदा नेपाली कांग्रेसले भने सक्रियातापूर्व अघि बढ्ने जनाएको छ।

संघीय सरकारमा एकै ठाउँमा रहेका नेपाली कांग्रेस र नेकपा एमालेबीच सहकार्य गरी अघि बढ्नका लागि प्रदेशस्तरीय संयन्त्र गठन कांग्रेसले गरे पनि उपनिर्वाचना भने आ-आफ्नै ढंगले अघि बढ्ने भएको छ।




जनकपुरधाममा सोमबार कांग्रेस मधेश प्रदेशको बसेको बैठकबाट स्थानीय तहको निर्वाचन परिचालनका लागि जिम्मेवारी तोक्ने क्रममा गठबन्धन दलहरुबारे कुनै पनि किसिमको चर्चा नहुँदा आ-आफ्नै ढंगले अघि बढ्ने स्पष्ट रहेको कांग्रेस मधेश प्रदेशका कोषाध्यक्ष प्रदीप यादवले जानकारी दिए।

प्रदेश कोषाध्यक्ष यादवले संघीय सरकारमा सहभागी रहेका दलहरुसंग सरकारलाई सफल बनाउनका लागि तीन सदस्यीय संयन्त्र गठन गरिए पनि उपनिर्वाचनमा भने आ-आफ्नै ढंगले अघि बढ्ने बताए।

स्थानीयतस्तरमा दलहरुले आकांक्षी उम्मेदवारको नाम छनोट गरिरहँदा नेपाली कांग्रेस मधेश प्रदेश कार्य समितिले स्थानीय निकायको उपनिर्वाचनमा प्रदेशको सातवटै स्थानमा उपसमिति परिचालन गरी निर्वाचनमा होमिने निर्णय गरेको उनले बताए।

मधेश प्रदेशमा सात स्थानमध्ये तीन स्थानमा कांग्रेसले नै जीतेको हुनाले सो क्षेत्रलाई कायम गर्दै सबै स्थानमा जित्ने गरी वडास्तरका सात वटै उपनिर्वाचनमा जिल्लाबाट सर्वसम्मत रुपमा आएको सिफारिस अनुसार नै उम्मेदवारलाई टिकट दिने निर्णय भएको प्रदेश कोषाध्यक्ष यादवले बताए।

आगामी मंसिर १६ मा मधेश प्रदेशका सप्तरी २, धनुषा १, महोत्तरी १ र रौतहट ३ गरी ७ वटा स्थानीय तहमा वडाअध्यक्ष पदमा उपनिर्वाचन हुनेछ।

प्रदेश बैठकबाट उपनिर्वाचनलाई परिणाममुखी बनाउन धनुषामा प्रदेशका पूर्वमन्त्रीसमेत रहेका प्रदेशसभा सदस्य रामसरोज यादव, सप्तरीमा महामन्त्री उपेन्द्र यादव, सहमहामन्त्री परशुराम चौधरी, महोत्तरीमा नरेन्द्र यादव, रौतहटका लागि सहमहामन्त्री जयनारायण यादव र प्रदेश सदस्य सुर्यबहादुर थापालाई जिम्मेवारी दिएको छ।

त्यस्तै कांग्रेस र एमालेको नेतृत्वमा संघीय सरकार रहेकाले सो सरकारलाई सफल बनाउनका लाीग प्रदेशस्तरीय दुई दलीय राजनीतिक संयन्त्र बनाउने निर्णय अुनसार प्रदेश सभापति कृष्णाकुमार प्रसाद यादवको संयोजकत्वमा तीन सदस्यीय संयन्त्र गठन गरिएको छ।

केन्द्रीय अभियान र क्रियाशील सदस्यता वितरणलगायत प्रदेश मातहतका निकायहरूको सुपरिवेक्षण र समन्वयका लागि ८ वटै जिल्लामा खटाएका प्रदेश पदाधिकारीहरूको जिम्मेवारी निर्वाहलाई प्रभावकारी बनाउने निर्णय समेत भएको छ।

# ‘मधेशी जनतालाई अझै पनि अधिकार प्राप्त भएको छैन’

**मधेशमा लगभग ५४ प्रतिशत जनसंख्या भए पनि शासक वर्गले १२ प्रतिशत मात्र रकम विकासका लागि छुट्याउने गरेका कारण मधेशमा सोचे जस्तो विकास हुन् नसकेको उनको भनाइ थियो ।**

**टुडे समाचारदाता**

रौतहट । जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले मधेशी जनतालाई अझै हक अधिकार प्राप्ति नभएको बताएका छन् । मधेशमा जनसंख्याको आधारमा विकास बजेट, राज्यको सबै निकायमा सम्मानजनक भागिदारी, प्रतिनिधित्व, अवसर, आफ्नो शासन, प्रशासन, नीति, कानुन बनाउने अधिकार नपाएसम्म आफूहरुको संघर्ष जारी नै रहेको अध्यक्ष यादवले बताए।

गढीमाई नगरपालिकामा सोमबार जसपा नेपाल रौतहटले आयोजना गरेको जनसभामा बोल्दै पूर्वउपप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष यादवले अधिकारका लागि मधेशी जनताको संघर्ष जारी नै रहेको बताए।

राज्यले सधै मधेश र मधेशी जनतालाई अपेक्षा गर्दै आएको कारण मधेशमा सोचे जस्तो विकास हुन् नसकेको तथा मधेशी जनता अझै अधिकारसम्पन्न हुन् नसकेको उनले बताए। देशको आधीभन्दा बढि जनसंख्या मधेश प्रदेशमा भए पनि सरकारले जनसंख्याको आधारमा विकास बजेट नदिदा विकासमा मधेश पछाडि परेको उनले बताए। मधेशमा लगभग ५४ प्रतिशत जनसंख्या भए पनि शासक वर्गले १२ प्रतिशत मात्र रकम विकासका लागि छुट्याउने गरेका कारण मधेशमा सोचे जस्तो विकास हुन् नसकेको उनको भनाइ थियो।




मधेश र मधेशी जनता सधैं शासक वर्गको गुलाम बनिरहोस्, मधेशमा विकास नहोस भन्ने उद्देश्यले नै राज्यले मधेशमा लगानी गर्न नचाहेको उनले टिप्पणी गरे। मधेशी जनताले मधेशबाट कांग्रेस र कम्युनिष्टलाई परास्त नगरेसम्म मधेशीले पूर्ण अधिकार पाउन नसक्ने उनले धारणा राखे।

शासक वर्गले मधेशी, जनजाति, आदिवासी, थारु, अल्पसंख्यक, मुस्लिम लगायत समुदायलाई अधिकार दिन नचाहेको र पटक पटक भेदभावसमेत गर्दै आएकोले आउँदो निर्वाचनमा मधेशलाई अधिकार दिन नचाहनेलाई आफ्ना अमूल्य मत नदिन उनले सबैमा आग्रह गरे।

मधेशीको भोटबाट जितेर सत्तामा पुगेपछि शासक वर्गले मधेशीको माग र मुद्दा विर्सिने गरेका कारण ती शासक वर्गलाई चुनावमा साथ नदिन उनले आग्रह गरे।

लोकतन्त्र स्थापना भएको ३५ वर्षदेखि सरकारको नेतृत्व गर्दै आएपनि कांग्रेस र कम्युनिष्टले देश बनाउन नसकेको उनले बताए। कांग्रेस र कम्युनिष्टले देशमा विकास गर्नुको सट्टा लुटतन्त्रमा लागेका कारण देश आज चरम गरिबीको भुमरीमा फसेको उनले टिप्पणी गरे।

देशमा संघीयता आए पनि संघीयता पूर्ण रूपमा लागू हुन् नसक्दा मधेशी जनता अझै धेरै अधिकार पाउनबाट वञ्चित रहेको उनले बताए।

जसपा नेपाल रौतहटका जिल्ला अध्यक्ष श्यामविहारी यादवको अध्यतामा भएको कार्यक्रममा जसपा नेपालका महासचिव एवं मधेश प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउत, पूर्वमुख्यमन्त्री सरोजकुमार यादव, केन्द्रीय सदस्य एवं मधेश प्रदेशका पूर्वकृषि राज्यमन्त्री योगेन्द्र राय यादव, प्रदेशका पूर्वराज्यमन्त्री शेख फूलबाबु, पूर्वप्रदेश सांसद रामकिशोर राय यादव, प्रदेश सांसद शोभा देवी, किरण ठाकुर, युवा नेता राजकुमार दास लगायतका वक्ताहरुले आ-आफ्ना मन्तव्य राखेका थिए।

# एउटै पालिकाको दुइ वडामा उपनिर्वाचन, प्रतिष्ठाको लडाई

**मनोज माझी**

राजविराज । आगामी मंसिर १६ गते हुन लागेको उपनिर्वाचनको क्रममा मधेश प्रदेशको सप्तरीको एउटै पालिकाको दुई वडामा वडाअध्यक्ष पदको निर्वाचन हुने भएको छ।

उपनिर्वाचनअन्तर्गतको निर्वाचनका विभिन्न प्रक्रियहरु शुरु हुन बाकी छँदै गर्दा स्थानीयतस्तरमा राजनीतिक दलहरुलाई भने निर्वाचन लागिसकेको छ।



डाक्नेश्वरी नगरपालिकाको १ र ४ गरी दुई वडामा वडाअध्यक्ष पदका लागि उपनिर्वाचन हुनेछ। निर्वाचन हुन लागेको ती दुबै पदमा यस अघि कांग्रेसका क्रमशः प्रितमलाल चौधरी र हरि प्रसाद राय चुनाव जीतेका थिए। चौधरी र राय दुबैको निधन भएका कारण रित्त हुन गएको पदका लागि उपनिर्वाचन हुन लागेको छ।

यस अघि दुबै पद कांग्रेस जीतेकाले यसलाई कायम र निरन्तरता दिनु पर्ने कांग्रेसमाथि चर्को दबाब छ। अहिले ती दुबै स्थान जीतन कांग्रेसलाई दबाब देखिएको कांग्रेसका नेताहरु बताउँछन् । जीतेका सिट बचाईराख्न दिनरात नेता/कार्यकर्ता खटेका छौ, नेपाली कांग्रेस डाक्नेश्वरी नगरपालिका नगर समितिका सभापति नारायण यादवले भने, “पहिल्यै जीतेका ठाउँ भएकाले पनि दुबै ठाँउ पुनःजीतन र निरन्तरता दिन कम्मर कसेर लागेका छौ।”

मंसिर १६ गते हुने उपनिर्वाचनका लागि निर्वाचन कार्यालयले मंसिर २ गते उम्मेदवारको मनोनयन पत्र दर्ताको कार्यतालिका सार्वजनिक गरेकाले दलहरु अहिले उम्मेदवार छान्न र आ-आफ्नो पक्षमा माहौल बनाउन ब्यस्त भएका छन्।

यहाँ कांग्रेस जीतलाई निरन्तरता दिने कसरतमा छ भने अन्य दल जसरी पनि आ आफनो पक्षमा जीत निकालेर कांग्रेसको पकड क्षेत्र तोडने प्रयासमा लागेका छन्।

अहिलेसम्म दुईवटै वडामा नेकपा (माओवादी केन्द्र) र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले उम्मेदवारको टुङ्गो लगाएको छ। नेकपा माओवादी केन्द्रले वडा न १ बाट सन्तोष पन्त र वडा नम्बर ४ बाट विन्दा रामलाई उम्मेदवार बनाएको नेकपा (माओवादी केन्द्र)का केन्द्रीय सदस्य अशोक कुमार मण्डल “अमर”ले जानकारी दिए।

लोसपा नेपालले वडा नम्बर १ मा राम अधिन सन्त र वडा नम्बर ४ मा अरविन्द कुमार रायलाई उम्मेदवार बनाएको जिल्ला अध्यक्ष सुनिल कुमार झाले जानकारी दिएका छन्।

कांग्रेसले दुबै वडाको उम्मेदवार मंगलवार एक कार्यक्रम गरी घोषणा गरिने तयारी भएको जिल्ला सभापती रामदेव साहले बताएका छन्।

एमालेले वडा नम्बर १ बाट उम्मेदवार छनोट गर्ने प्रक्रिया चलिरहेको तथा वडा न ४ बाट संजय यादवलाई उम्मेदवार बनाउने निर्णय भएको जिल्ला अध्यक्ष ताराकान्त चौधरीले बताए।

जनमत पार्टीले वडा नम्बर ४ बाट उदयनारायण पण्डितलाई उम्मेदवार बनाउने निर्णय गरेको जिल्ला इन्चार्ज रामगमन साहले बताए । वडा नं १ मा भने उम्मेदवारको टुङ्गो लगाउन बाँकी रहको उनको भनाइ छ।

नेकपा एकिकृत समाजवादी, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), जनता समाजवादी पार्टी (जसपा) नेपाल, आम जनता पार्टी (आजपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (रा.प्र.पा.)लगायतलका दलहरुले पनि उम्मेदवारी दिने भन्दै कार्यकर्ताहरुको भावना बुझ्ने र आ आफनो तर्फबाट वडा अध्यक्षका सम्भावित उम्मेदवार हरुको सम्बन्धमा गन्थनमन्थन गर्ने कामलाई तिव्रता प्रदान गरेका छन्।

उपनिर्वाचन हुने डाक्नेश्वरी नगरपालिकाको वडा नम्बर १ मा २ हजार ६ सय ३५ र वडा नम्बर ४ मा १ हजार २ सय ८१ मतदाता छन्। निर्वाचनका लागी कुल ३ मतदान स्थल र ५ मतदान केन्द्र तोकिएको जिल्ला निर्वाचन अधिकारी रमेश कुमार जोशीले जानकारी दिए । मंसिर १६ गते आइतबार बिहान ७ बजेदेखी अपराह्न ५ बजे सम्म मतदान हुने जिल्ला निर्वाचन कार्यालय सप्तरीले जनाएको छ।

यता जिल्ला प्रहरी कार्यालय सप्तरीले पनि उपनिर्वाचन भयरहीत वातावरण तथा शान्तिपूर्ण ढंगले सम्पन्न गर्न आवश्यक सुरक्षा प्रबन्धबारे तयारी गरिरहेको जनाएको छ।

# विद्यार्थी भर्ना सम्बन्धी शुल्क निर्धारण तत्काल नसच्याइए आन्दोलन गर्ने चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । नीजि विद्यालयका संगठनहरुले संयुक्तरुपमा जनकपुरधाम उपमहानगरपालिकाले विद्यालय भर्ना शुल्क निर्धारणसम्बन्धी गरेको निर्णय नसच्याएमा आन्दोलन गर्ने चेतावनी दिएका छन्।

जनकपुरधाममा सोमबार पत्रकार सम्मेलन आयोजना गर्दै नीजि विद्यालयका संगठनहरुले संयुक्त रुपमा आन्दोलन गर्ने चेतावनी दिएका छन्।

नेपाली कांग्रेसनिकटको नेपाल विद्यार्थी संघ धनुषासंग सहमति गरेर जनकपुरधाम उपमहानगरपालिकाले एक्लौटी ढंगले गरेको शुल्क निर्धारणको विरोध गर्दै नीजि विद्यालय संगठनहरुले सो निर्णय तत्काल सच्याउन माग समेत गरेका छन्।

विद्यालयमा विद्यार्थी भर्नासम्बन्धी शुल्क निर्धारणबारे तत्काल निर्णय सच्याउन माग गर्दै हिसान धनुषाका अध्यक्ष सञ्जीव ठाकुरले जनकपुरधाम उपमहानगरसंग आग्रह गरे।

प्याबसन, एनप्याबसन र हिसानले संयुक्तरुपमा पत्रकार सम्मेलन गर्दै अध्यक्ष ठाकुरले




पुरानै निर्णय अनुसार जनकपुरधाम उपमहानगरले शुल्क निर्धारण नगरे नीजि विद्यालयहरुमा पठनपाठन अनिश्चिकालका लागि ठप्प पार्ने चेतावनी दिए।

एनप्याबसन धनुषाका अध्यक्ष आशिष झाले कक्षा ११ र १२ का विद्यार्थीको छात्रवृत्ति सम्बन्धी शैक्षिक सत्र २०८१।०८२ मा जनकपुरधाम उपमहानगरसंग छलफल गरी २०७४ को ऐन अनुसार नामांकन शुल्क, मासिक शुल्क र आन्तरिक परीक्षा शुल्कबाहेक अन्य शुल्कहरु लिन सकिने र पछि अनुगमन गर्ने सहमति भए अनुसार मिति २०८१।०५।१३ गते उपमहानगरपालिकाले नामावली सहित पत्राचार गरेको र सोही अनुसार गर्दै आए पनि नेविसंघ धनुषाको दबाबमा पुनः मिति २०८१।०७।१४ गते फरक किसिमको निर्णय गरेकोमा आफूहरुको आपत्ति रहेको बताए।

त्यस्तै प्याबसन जनकपुरधाम नगर कमिटीका अध्यक्ष दीपक कुमार ठाकुरले छात्रवृत्ति वितरण कार्यविधि २०७४ बमोजिम छात्रवृत्ति दिने निर्णयलाई खारेज गरी रजिष्ट्रेशन शुल्क र परीक्षा शुल्क लिन पाउने भनी एउटै स्थानीय तहले फरकफरक निर्णय गर्नु लज्जास्पद रहेको बताए।

जनकपुरधामउपमहानगरपालिकाले शुल्क निर्धारणसम्बन्धी नेवि संघसंग गरेको सम्झौता तत्काल फिर्ता लिइ स्थानीय तह शिक्षासम्बन्धी कार्यविधि बनाउनु सुझाउ दिँदै सरोकारवालासंग छलफल गर्नसमेत आग्रह गरेका छन्।

ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
मि.न.पा.-६, ढल्केवर, धनुषा

सूचना ! सूचना !! सूचना !!!

ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि. ढल्केवरको १७ औं वार्षिक साधारण सभा यही मिति २०८१/०७/२८ गते बुधबारका दिन दिउँसो १:०० बजे ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्थाको प्राङ्गनमा हुने भएकोले सो साधारण सभामा सम्पूर्ण शेयर सदस्य, बचतकर्ता, ऋणीज्यूहरुलाई उपस्थित भई दिनु हुन अनुरोध गर्दछु।

अध्यक्ष
मो.नं. ९८५४०२६७२९
ऋद्धि सिद्धि बचत तथा ऋण सहकारी संस्था लि.
मि.न.पा.-६, ढल्केवर, धनुषा

डाक्नेश्वरी नगरपालिकाः

# अवहेलना मुद्दामा लिखित जवाफसहित हाजिर हुन आदेश

**टुडे समाचारदाता**

राजविराज । उच्च अदालत जनकपुर-राजविराज इजलासले एक कर्मचारीद्वारा परेको अदालतको अवहेलना मुदामा विपक्षी डाक्नेश्वरी नगरपालिका कार्यालय तथा प्रमुख प्रशासकीय अधिकृतलाई ७ दिन भित्र प्रमाणसहित हाजिर हुन आदेश दिएको छ।

नगरपालिका र सो पालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई सात दिन भित्र प्रमाणसहित अदालतमा लिखित जवाफसहित हाजिर हुन अदालतले आदेश दिएको छ।

अदालतले आफैं वा कानुन बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ लिइ उपस्थित हुन आदेश जारी गरेको छ।

सोही नगरपालिकाको कार्यालयमा कार्यरत्त कर्मचारी उमेश प्रसाद साहले डाक्नेश्वरी नगरपालिका कार्यालय र प्रमुख प्रशासकिय अधिकृतलाई विपक्षी बनाई दायर गरेको अवहेलना मुदाको सुनवाई गर्दै अदालतले यस्तो आदेश जारी गरेको छ।




न्यायाधिश अचुतम कुमार आर्चाय र पुर्ण प्रसाद राजवंशीको संयुक्त इजलाशद्वारा जारी गरिएको आदेशमा भनिएको छ -“विपक्षीलाई अदालतको अवहेलनामा कारवाही एवं सजाय हुनु पर्ने हो, होइन ?“सजाय हुनु न पर्ने कुनै आधार र कारण भए ७ दिन भित्र सबुद प्रमाण सहित आफै वा कानुन बमोजिमको प्रतिनिधि मार्फत लिखित जवाफ लिई उपस्थित हुनु।”

सप्तरीको डाक्नेश्वरी नगरपालिका- ६ का नगरपालिका कार्यालय मातहतका पातो स्वास्थ्य शाखामा अधिकृत छैंठो तहमा समायोजन पदस्थापना भई कार्यरत्त साहले आफूलाई पूर्वाग्रही भएर २०८१ साल असोज ११ गते नगरपालिका कार्यालयले गैरकानुनी ढंगले स्वास्थ्य चौकी भुतही सरुवा गरेको भन्दै न्यायका लागि अदालतमा मुद्दा दिएका थिए।

पहिलो पल्ट उत्प्रेषण र परमादेशको माँग गर्दै उच्च अदालत जनकपुर-राजविराज इजलाश पुगेका साहको निवेदन उपर २०८१ कार्तिक ८ गते सुनवाई गर्दै न्यायधिश बामदेव ज्ञवालीको एकल इजलाशले सरुवा सम्बन्धि निर्णय तत्काल कार्यान्वयन न गर्नु, गराउन र यथास्थितीमा राख्नु भनी उच्च अदालत नियमावली २०७३ को नियम ४२ (१) बमोजिम विपक्षी डाक्नेश्वरी नगरपालिका कार्यालयको नाममा अल्पकालीन अन्तरिम आदेश जारी गरेको थियो।

अदालतको आदेश पछि आफू कार्यालयमा उपस्थित भई हाजिर गर्न खोज्दा नगर प्रमुख राम लखन मुखियाको आदेश भन्दै प्रमुख प्रशासकिय अधिकृत रामकिसुन यादवले हाजिर गर्न नदिएको साहको भनाइ छ।

अदालतको आदेश समेतको अवज्ञा गरी आफूलाई हाजिर गर्न नदिएपछि बाध्य भई न्यायका लागि अदालतको अवहेलनामा कारबाही गरी पाउँ भनि रिट निवदेन दायर गरेको साहले बताए।

अदालतको अवहेलना मुदामा पछिल्लो पटक विपक्षीको नाममा ७ दिने म्याद सूचना जारी भएको र लिखित जवाफ परेपछी वा अवधी व्यतित भएछी आवश्यक न्याय कार्य सम्पादन हुने उच्च अदालत जनकपुर-राजविराज इजलासले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८